# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २४१ | काठमाडौं | बुधबार, १६ पुस २०८२ | Prabhab National Daily | Wednesday, 31 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं**

- मौलिक संस्कृतिको रक्षा गरौं ।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं ।
- मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं ।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरूको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


समानुपतिकतर्फको बन्दसूची

## ६४ दलले बुझाए सूची, ११० जनाको सूची २२ दलबाट मात्रै






- २२ दललेमात्रै ११० सिटमा उम्मेदवारको बन्दसूची बुझाए
- ४२ दलको आंशिक उम्मेदवारी
- समानुपातिक निर्वाचनमा सहभागी हुने भन्दै निवेदन ९३ दलको
- पूर्णसूची बुझाउने देशव्यापी संगठन भएका दलहरु

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ २२ दललेमात्रै सबै सिटका लागि उम्मेदवारी दिएका छन् । समानुपातिकतर्फको कूल ११० सिटमा उम्मेदवारी दिने दलहरू प्रतिनिधिसभामा कम्तीमा एक सिट जित्न सक्ने हैसियतका हुन् ।

कूल ६४ दलले सूची बुझाएकामा ४२ वटा दलले भने केही सिटमा मात्रै उम्मेदवारी दिएका आयोगले जानकारी दिएको छ । समानुपातिकतर्फको बन्दसूची बुझाउन ९३ दलले आवेदन दिएका थिए । यिनै दलहरूलाई आयोगले समानुपातिकतर्फको बन्दसूची बुझाउने समय पुस १३ र १४ गते तोकेको थियो । निर्धारित समयमा कूल ६४ वटा दलले बन्दसूची बुझाएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए । उनका अनुसार ५८ दलले ५८ फरक निर्वाचन चिह्नबाट उम्मेदवारी दिएका छन् ।

समानुपातिक निर्वाचनतर्फ सबै ११० सिटमा उम्मेदवारी दिने दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी (नेमकिपा), राष्ट्रिय जनमोर्चा, मंगोल नेसनल अर्गनाइजेसन, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा माले, श्रम संस्कृति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सद्भावना पार्टी, जनमत पार्टी, मितेरी पार्टी नेपाल, नेकपा (संयुक्त) र नेपाली जनता दल हुन् ।

राष्ट्रिय प्रजातान्त्रिक पार्टी, नेकपा माओवादी र प्रगतिशील लोकतान्त्रिक पार्टीले पनि ११० सिटकै लागि उम्मेदवारी दर्ता गराएका छन् । जनमत नभएका, देशव्यापी संगठन नभएका र सबै वर्ग र जातीय समुदायका मानिसहरू आबद्ध नभएका दलहरूले सबै क्लस्टरबाट उम्मेदवार उठाउन नसकेको देखिएको छ ।

त्यस्तो दलमा मधेस जनाधार भएको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालदेखि बागमतीमामात्रै प्रभाव रहेको हाम्रो नेपाली पार्टीलगायत पर्छन् । केही दलले सहमतिमा एउटै निर्वाचन चिह्नमा बन्दसूची संयुक्तरूपमा बुझाएका छन् । त्यसरी बुझाउने दल रेशमलाल चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी हुन् । यी तीनवटै दलले चौधरी नेतृत्वको दलको निर्वाचन चिह्न प्रयोग गरेका छन् ।

आयोगका प्रवक्ता भट्टराईका अनुसार प्रतिनिर्वाचन चिह्न औसत ६० जना उम्मेदवार रहेका छन् । न्यूनतम ११ सिटमामात्रै बन्दसूची पेस गर्ने दलको संख्या १० रहेको छ । एकल निर्वाचन चिह्न प्रयोग गर्ने दल पनि १० वटा रहेका छन् ।

आयोगले दलहरूलाई समावेशी समूहअन्तर्गत दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिमको जनसंख्या प्रतिशतका आधारमा बन्दसूची पेस गर्न निर्देशन दिएको थियो । त्यस आधारमा नयाँ र पुराना दलहरूले बन्दसूची पेस गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा

# समानुपातिक सूचीमा पहुँचवालाकै हालीमुहाली

### समानुपातिक प्रणालीको दुरुपयोग गर्दै व्यवसायी-सेलिब्रेटीदेखि आफन्तलाई उम्मेदवार बनाउनेमा नयाँ दल अगाडि, पुरानाहरु पनि सुध्रिएनन्

- रास्वपाको समानुपातिक सूचीमा व्यापारी चन्द्र ढकालका छोरादेखि व्यवसायी विदुषी राणासम्म
- आफूलाई सबैभन्दा बढी लोकतान्त्रिक दाबी गर्दै आएको कांग्रेसले बुझाएको सूचीमा राष्ट्रपति रामचन्द्र पौडेलकी छोरीदेखि अर्जुननरसिंह केसीसम्म
- एमालेबाट उपाध्यक्ष रामबहादुर थापा, महिला सचिव पद्य अर्याल, शान्ता चौधरी, कोमल वलीलाई यसपटक पनि सूचीमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिकतर्फको उम्मेदवारी छनोट गर्दा दलहरूले उक्त प्रणालीको चरम दुरूपयोग गरेको पाइएको छ । पुरानोदेखि नयाँ दलसम्मले समानुपातिकको मर्मलाई कुल्चेर निर्वाचन आयोगमा उम्मेदवारको सूची बुझाएका हुन् ।

दलहरूले बुझाएको ११० जनाको सूची हेर्ने हो भने यहाँ तारमारा वर्ग र पहुँचवालाहरूकै हालीमुहाली देखिएको छ । नयाँ दल भनिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)समेत नातेदार, तारमारा वर्ग, सेलिब्रेटी राख्नमा अग्रस्थानमा देखिएको छ ।

खासमा समानुपातिक प्रणाली प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न नसक्ने तर कानुन निर्माण गर्ने थलो संसद्मा प्रतिनिधित्व हुनुपर्ने सीमान्तकृत समुदायको प्रतिनिधित्वको सुनिश्चितताका लागि समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिएको हो । तर रास्वपाको समानुपातिक सूचीमा व्यापारी चन्द्र ढकालका छोरा सचिन ढकाल अटेका छन् । त्यसैगरी अर्का व्यवसायी विदुषी राणा रास्वपको सूचीमा अटेका छन् । दुवै जना अर्बपति व्यवसायी हुन् ।

यतिमात्र हैन रास्वपाले प्राइमरी इलेक्सनबाट अधिक मत पाएकाहरूलाई पछिल्लो नम्बरमा राखेका छन् । दलित क्लस्टरमा सबैभन्दा धेरै मत पाएका विजय जैरु सूचीमै परेनन् भने रमेश प्रसाईंको ठाउँमा सहमहामन्त्री वीपिन आचार्यलाई पहिलो नम्बरमा राखेको छ । प्रसाईंले खस आर्यमा धेरै मत ल्याएर पहिलो नम्बर सुनिश्चित गरे पनि आयोगमा बुझाएको बन्दसूचीमा पाँचौं नम्बरमा राखिएको छ ।

यता कामबाटै चर्चामा आएका ऊर्जामन्त्री कुलमान घिसिङले आफ्ना नातेदारलाई समानुपातिक सूचीमा अटाएका छन् । आदिवासी जनजातितर्फ नम्बर एकमा परेका डा. राम लामा कुलमानका नजिकका आफन्त हुन् । त्यसैगरी आठौं नम्बरमा परेका धर्मलाल कुलमानका भाइका ससुरा हुन् । धर्मलाल समानुपातिकमा सिफारिस भएसँगै अभियन्ता आशिका तामाङले सामाजिक सञ्जालमा प्रश्न गरेकी छन्, 'मलाई त लागेको थियो नयाँबाट एउटा पनि गल्ती हुने छैन र पुरानाले औंला उठाउने मौका पाउने छैनन् । तर त्यस्तो त होइन रहेछ, यहाँ त निमुखा वर्ग र जातिहरू लागि छुट्याइएको कोटामा त मिस नेपाल हुने रहेछन्, आफ्नो ससुराबा, देश बेचुवा ठेकेदारको छोरा, आफ्नो आगडिपछाडि दौडिरहने आसेपासे, हुँदाहुँदा छिमेकी र अझ त्यतिले नपुगेर सानोमा स्कुल पढ्ने साथी सांसद र मन्त्री हुने अवसर पाउने रहेछ ।

आशिका रास्वपाबाट समानुपातिकमा आकांक्षी थिइन् । रास्वपाको समानुपातिक सूचीप्रति डा. महेन्द्र लावतीलेसमेत असन्तुष्टि जनाएका छन् । उज्यालो नेपाल पार्टीको कोटाबाट रास्वपाको समानुपातिक सूचीमा परेका उनले असन्तुष्टि जनाएका हुन् । रास्वपाबाट कलाकाहरूसमेत समानुपातिक सूचीमा परेका छन् । यसरी समानुपातिक सूचीमा पर्नेमा प्रकाश सपुतदेखि रिमा विश्वकर्मासम्म छन् ।

यता आफूलाई सबैभन्दा बढी लोकतान्त्रिक दाबी गर्दै आएको नेपाली कांग्रेसले पनि समानुपातिक उम्मेदवार छनोटमा नातावाद र कृपावादलाई हदैसम्म प्राथमिकतामा राखेको पाइएको छ । मंगलबार अबेर कांग्रेसले बुझाएको सूचीमा राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी संज्ञा पौडेलदेखि महामन्त्री गगन थापाका ससुरा अर्जुननरसिंह केसीसम्म छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारबाट फर्किएकालाई स्वदेशमा चुनौती

- रिटर्नी माइग्रेन्ट्सको अध्ययनले भन्छ– सन् २०२४ मा वैदेशिक रोजगारीबाट फर्किएका ७८.४ प्रतिशत पुरूष र ६५.८ प्रतिशत महिला बेरोजगार, ५० प्रतिशत पुरूष र ५६.२ प्रतिशत महिला लगानीको अभावमा
- विदेशबाट फर्किएर व्यवसायमा लगानी गर्ने तीन प्रतिशतभन्दा न्यून

■ **ममता थापा**

**काठमाडौं–** १० वर्ष कुवेतमा रोजगारी गरेर फर्किएकी सुनसरी, रामधुनी-१ की शकुन्तला अधिकारीले आफूलाई परिवारले फरक तरिकाले व्यवहार गरेको पाइन् । विदेशमा धेरै दुःख गरेर कमाएपछि घर फर्किएकी शकुन्तलालाई समाजले नस्वीकारेको महसुस हुन थाल्यो । जसकारण उनी मानसिक समस्याबाट गुज्रनुपर्‍यो ।

रोजगारीबाट फर्किएकाहरूलाई पुनर्स्थापना गराउने व्यक्तिसँग भेट नभएको भए ठूलो दुर्घटनामा परिने हुने उनले सुनाइन् । 'त्यतिखेर विदेशबाट फर्किएको भनेपछि घरमा पनि राम्रो सम्बन्ध नभएपछि म डिप्रेसनमा पुगिसकेकी थिएँ । यसरी बोल्न पनि सक्दिनथैं । यो भन्दा त सुसाइड गर्छु जस्तो लाग्थ्यो,' उनले भनिन्, 'त्यसपछि वडाबाट एक जना म्याडमलाई भेटेपछि यस्तो यस्तो गर भन्नुभयो । तालिमहरू दिनुभयो । अहिले पानीपुरी, चटपटे पसल चलाएर बसिरहेको छु ।'

सर्लाही बरहथवाका नन्दु यादव पनि करिब एक दशक विदेशमा रोजगारी गरेर फर्किंदा यहाँ के गर्ने अलमलमा थिए । राम्रै कमाएर फर्किए पनि कसरी यहाँ व्यवसाय सुरु गर्ने जानकारी नहुँदा उनी केही समय तनावमा परे । अन्त्यमा विगतमा गरेको कृषि पेसा नै रोजे । '१२ वर्ष कतार बसेर आएँ । त्यहाँ पनि दुई वर्ष त काम नै पाएन । त्यसपछि राम्रो कमायो,' यादवले भने, 'यहाँ फर्किएर आएपछि कति महिनासम्म त के गर्ने के थाहै थिएन । धेरैतिर बुझे । त्यसपछि अन्तमा तालिम लिएर पहिलादेखि गरेको कृषि नै गरेँ ।'



यी दुई घटनाले वैदेशिक रोजगारीबाट फर्किएकाहरू कुनै न कुनै समस्यामा पर्ने गरेको देखाउँछ । रोजगारीबाट फर्किने धेरै महिलाहरूलाई कतिपय परिवार तथा समाजले नस्वीकार्दा उनीहरू मानसिक पीडामा पर्ने गरेका छन् । अझ परिस्थितिबस पैसा नै नकमाई फर्किने महिलाहरू झन् बढी समस्यामा पर्ने देखिएको छ । वैदेशिक रोजगारीमा गएकाहरू निर्माण, हस्पिटालिटी, उत्पादनजस्ता क्षेत्रको सीप र अनुभव लिएर फर्किने गर्छन् ।

रिटर्नी माइग्रेन्ट्स (रेमी) परियोजनाको अध्ययनअनुसार स्वदेश फर्किएकाहरू कि त खेती किसानी र ज्याला मजदुरी गर्ने या बेरोजगार भएर बस्नुपरेको पाइएको छ । कतिपयले फेरि विदेश नै जाने सोच बनाउने गरेको बताइन्छ ।

विभिन्न समस्यामध्ये फर्किएपछि सबैभन्दा बढी बेरोजगार हुनुपर्ने समस्या देखिने गरेको छ । रेमीको पछिल्लो तथ्यांकअनुसार सन् २०२४ मा वैदेशिक रोजगारीबाट फर्किएका ७८.४ प्रतिशत पुरुष र ६५.८ प्रतिशत महिला बेरोजगार छन् । त्यसपछि, दोस्रोमा ५० प्रतिशत पुरुष र ५६.२ प्रतिशत महिला लगानीको अभावमा छन् ।

त्यसैगरी, ऋणको अभावमा ४५.७ प्रतिशत पुरुष र ३२.९ प्रतिशत महिला रहेको पाइएको छ । साथै, सीपमा बेमेल, घरपायक काम नभेटिनेलगायतका समस्या रहेका छन् ।

क्रमशः पृष्ठ २ मा

# पहिचानवादी नेता रास्वपामा 'पलायन'

■ **जेबी योञ्जन**

**काठमाडौं–** एक दशकअघि संघीयता, समावेशिता र पहिचानको नारा सडकदेखि संविधानसभासम्मै प्रभावशाली सुनिन्थ्यो । पहिचान पक्षधरहरू त्यसबेला निकै प्रभावी थिए । राजनीतिक विश्लेषक भवानी सम्झिन्छन्, 'पहिचान आन्दोलन सत्ताधारी शक्तिलाई भारी पर्थ्यो ।'

संविधान जारी भएपछिका वर्षहरूमा प्रदेश नामकरणको मुद्दामा पहिचान पक्षधरहरू खासगरी कोशी प्रदेशको भूगोलमा आन्दोलित भए । आन्दोलनको एउटा शक्ति हालै कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीहुँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा समाहित भयो । त्यो शक्तिको नेतृत्वमा प्रा.डा. महेन्द्रसुन्दर लावती थिए, जो पछिल्ला वर्षहरूमा पूर्वमा पहिचान आन्दोलनको मियो बनेका थिए ।

उनी रास्वपाले निर्वाचन आयोगमा बुझाएको समानुपातिकतर्फको बन्दसूचीमा समेटिएका छन् । अमेरिकाको पिट्सवर्ग, मिचिगनजस्ता प्रतिष्ठित विश्वविद्यालयमा प्राध्यापन गरेर स्वदेश फर्किएका लावती संघीयताविज्ञका रूपमा चिनिन्छन् । अशोक राईले जनता समाजवादी पार्टी नेपाल विभाजन गरेर जसपा गठन गर्दा उपेन्द्र यादवसँग नबसेका र राईसँग पनि नगएका लावतीले आदिवासी जनजाति नेताहरूलाई संगठित गर्दै पहिचानपक्षधर मोर्चा गठन गरेका थिए । मोर्चासमेतको सहभागितामा 'नो कोशी'देखि 'नो केबलकार'सम्मका आन्दोलन भए । तर, मोर्चा नै कुलमानको दलहुँदै अन्ततः सोमबार रास्वपामा विलय भयो । यसलाई लिएर पहिचान आन्दोलनकै कित्तामा रहेकाहरूले डा. लावतीमात्रै होइन अर्का नेता डकेन्द्रसिंह थेगिमको पनि आलोचना गरिरहेका छन् ।



> प्रदेशमा निर्वाचन लड्न अस्वीकार गरेको दल हो, रास्वपा । प्रदेश त संघीयताको आत्मा हो नि । त्यसैलाई अस्वीकार गर्ने शक्तिमा पहिचान आन्दोलन मासियो ।
>
> ■ **वीर नेम्बाङ**
> **पहिचान पक्षधर नेता**

> उज्यालो नेपाल पार्टी किन र कसरी रास्वपामा गाभियो ? हामीलाई थाहा भएन । समाचारमा पो एकता भएको थाहा पायौं, जुन एकता मेरो चाहना होइन ।
>
> ■ **प्रा.डा. महेन्द्रसुन्दर लावती**
> **नेता, रास्वपा**

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## समानुपातिक...

नुवाकोट-२ बाट निर्वाचन लड्दै आएका केसी यसपटक समानुपातिक सूचीमा खस आर्यतर्फ पहिलो नम्बरमा परेका हुन् । महामन्त्री थापाले यो सिफारिस आफ्नो चाहनाविपरीत भएको दाबी गरेका छन् । 'नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीलाई मेरो प्रयासमा समानुपातिक सूचीमा राखिएको भन्ने हल्ला फैलाइएको रहेछ । म स्पष्ट पार्न चाहन्छु, यो मेरो चाहनाविपरीत हो । मेरो अनुरोध र हरसम्भव प्रयास विपरीतको निर्णय हो,' गगनले भनेका छन् ।

कांग्रेस राजनीतिमा पटक-पटक अवसर पाइसकेको ७५ वर्षे केसी परिवारले नुवाकोट कांग्रेससमेत लगभग कब्जामा राखेको थियो । केसी पाँचपटक मन्त्री भइसकेका व्यक्ति हुन् । यसपटक आफू जित्ने निश्चित नदेखिएपछि केसीले समानुपातिकमा बस्न इच्छा गरेका थिए ।

यता पूर्वराष्ट्रपति डा. रामवरण यादवका छोरा डा. चन्द्रमोहन यादव पनि समानुपातिक सूचीमा परेका छन् । कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिकी भञ्जी नितु कर्ण, बलबहादुर केसीकी श्रीमती रिना उप्रेती, बहिनी गोमा केसीलाई पनि कांग्रेसको समानुपातिक सूचीमा राखिएको छ । बलबहादुरले सोलुखुम्बुबाट पटक-पटक निर्वाचन लड्दै आएका छन् । सुनसरीको कोशी गाउँपालिकाको अध्यक्षसमेत रहेका सुनसरी क्षेत्र नम्बर ४ का सभापति अयुब अन्सारीले श्रीमती नगमा शाहिद अन्सारीलाई समानुपातिक सूचीमा पार्न सफल भएका छन् ।

दलहरूको समानुपातिक बन्दसूचीप्रति जेन-जी अभियन्ता रक्षा बमले आलोचना गरेकी छन् । 'सदियौंदेखि पछि पारिएका समुदाय, पछाडि पारिएका ठाउँ र उनीहरूको आवाजलाई सदनमा प्रतिनिधित्व गराउने उद्देश्यले नेपालको संविधानमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको हो । निश्चित वर्गको हालीमुहाली तोड्न, सदियौंदेखिको असमान शक्ति वितरणका कारण पछाडि पारिएका समुदायको उत्थान गर्न यो प्रणाली लागू गरिएको थियो,' बमले भनेकी छन्, 'दुखद् कुराचाहिँ, हिजो हजारौंको बलिदानबाट प्राप्त भएको यही समानुपातिक प्रतिनिधित्व प्रणालीलाई आज दलहरूले सांसद पद बिक्री केन्द्र बनाएका छन् । आफ्ना नातेदार भर्ती गर्ने केन्द्र बनाएका छन् ।'

जनआवाजलाई खासै नसुन्ने भनिएको एमालेले बरु यसपटक समानुपातिक सूचीमा केही हेरफेर गरेको छ । यद्यपि, पार्टी उपाध्यक्ष रामबहादुर थापा, महिला सचिव पद्य अर्याल, शान्ता चौधरी, कोमल वलीलाई यसपटक पनि सूचीमा राखेको छ । यता मन्त्री बनिसकेकी उषाकला राईलाई पनि समानुपातिक सूचीमा राखिएको छ । राई प्रदेश मन्त्री बनिसकेकी छन् भने केन्द्रीय सदस्य शेरबहादुर तामाङकी पत्नी हुन् । यता पटक-पटक सांसद बनेका बसन्त नेम्बाङकी श्रीमती भूमिका सुब्बालाई पनि एमालेले समानुपातिक सूचीमा अटाएको बताइएको छ । एमालेले अझै पनि ११० जनाको सूची सार्वजनिक भने गरेको छैन । यता नेपाली कम्युनिस्ट पार्टीले भने धेरैजसो नयाँ अनुहारलाई समानुपातिक सूचीमा राखेको छ ।

समानुपातिकको मर्मविपरीत पहुँचवाला, व्यवसायी, नातेदार र सेलीब्रेटीलाई बन्दसूचीमा समेटेपछि दलहरू आलोचित बनेका छन् । पुराना दलले पहिलेकै प्रवृत्ति दोहोर्‍याउँदा नयाँ भनिएकाहरूमासमेत त्यही रोग सरेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् ।

■■■

## ६४ दलले...

आयोगले मंगलबारदेखि नै बन्दसूची छानबिन प्रक्रिया सुरु गरेको छ । यो क्रम यही २० पुसम्म हुने छ, यसलाई प्रारम्भिक जाँच भनिएको छ । यसपछि सूची सच्याउने समय २१ देखि २७ पुससम्म दिने आयोगको निर्वाचन कार्यतालिका छ । सूचीको पुनः जाँच २८ पुसदेखि ३ माघसम्म हुने र २० माघमा अन्तिम बन्दसूची प्रकाशन गरिने आयोगले जनाएको छ ।

सरकारले आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्ने तयारी गरेको छ । सोहीअनुसार दलहरूले समानुपातिकतर्फको बन्दसूची बुझाएका हुन् । बन्दसूचीमा समावेशी समूह वि.सं. २०७८ को जनगणनाको तथ्यांकअनुसार छुटचाइएको हो ।

■■■

## वैदेशिक...

सेफर माइग्रेसन प्रोग्राम, २०२४ को अध्ययनअनुसार विदेशबाट फर्किएका तीन प्रतिशतभन्दा कमलेमात्र व्यापारिक क्षेत्रमा लगानी गरेका छन् । यसमा पनि अपर्याप्त लगानी, व्यवसायका लागि दिइने ऋणमा चर्को ब्याजदर, प्रशासनिक जटिलता र तयारी वस्तुको बजार अभावजस्ता समस्या झेल्नपरेको उनीहरूले बताएका थिए । नेपालमा केही गर्छु भनेर आएकाहरू पर्याप्त पुँजीको अभाव र लामो समयसम्म सबै सामाजिक निकायसँगको सम्बन्धविच्छेद्ले समस्यामा पर्ने गरेको देखिएको छ ।

नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२४ का अनुसार सन् २०२२/२३ मा पाँच लाख ४६ हजार ७२१ र २०२३/२४ मा पाँच लाख ३८ हजार ६०४ जना त्रिभुवन विमानस्थलहुँदै स्वदेश फर्किएका थिए । अन्य माध्यमबाट फर्किएकाहरूको तथ्यांक नभएको बताइन्छ । उनीहरू विभिन्न कारणले फर्किने गरेका छन् ।

सबैभन्दा बढी २७.५ प्रतिशत पुरुष करार अवधि सकिएर फर्किएको पाइएको छ । यसरी फर्किने महिलाहरू १९.८ प्रतिशत छन् । सबैभन्दा बढी ३६.० प्रतिशत महिला भने व्यक्तिगत निर्णयले फर्किएका छन् । यसरी २३.३ प्रतिशत पुरुष फर्किएका छन् । यसबाहेक भिसा सकिएर, स्वास्थ्यमा समस्या आएर, करारअनुसारको काम तथा पारिश्रमिक नपाएर, रोजगारी गुमेर, कामको चाप, घरायसी समस्या, ज्यालामा ठगी, देश निकालालगायतका कारणले कामदारहरू फर्किने गरेका छन् ।

■■■

## पहिचानवादी...

थेगिम १५ वैशाख २०८१ मा इलाम-२ मा भएको प्रतिनिधिसभा उपनिर्वाचनमा उम्मेदवार थिए, जसले ११ हजारभन्दा बढी मत पाए । थेगिमले प्राप्त गरेको जनमतले पहिचान आन्दोलन जीवित रहेको देखाउँथ्यो । तर, पहिचान र संघीयताविरोधी दल रास्वपामा पार्टी मिसाएर पहिचान आन्दोलन विलय गरेको भन्दै पहिचानपक्षधर शीर्ष नेता वीर नेम्बाङ दुःख व्यक्त गर्छन् । उनले प्रभावसँग भने, 'प्रदेशमा निर्वाचन लड्न अस्वीकार गरेको दल हो रास्वपा । प्रदेश त संघीयताको आत्मा हो नि ! त्यसैलाई अस्वीकार गर्ने शक्तिमा पहिचान आन्दोलन लगेर मासियो ।'

उसै त पछिल्ला वर्षहरूमा पहिचान आन्दोलन क्रमशः सुषुप्त हुँदै गएको छ । संविधान निर्माणको बेला मधेस आन्दोलन, आदिवासी जनजाति तथा थारु समुदायका पहिचानकेन्द्रित आन्दोलनले राष्ट्रिय राजनीतिमा निर्णायक दबाब सिर्जना गरेको थियो । नेता नेम्बाङका अनुसार २०६२/६३ को जनआन्दोलनपछि सुरु भएको पहिचानको बहस २०७२ सालको संविधान निर्माणसम्म आइपुग्दा उत्कर्षमा थियो । प्रदेश नामाकरण, स्वायत्तता, भाषा-संस्कृति र समानुपातिक प्रतिनिधित्वलगायतका मागले देशको राजनीतिक एजेण्डा नै बदलिदिएको थियो । तर, संघीय संरचना कार्यान्वयनको चरणमा प्रवेश गरेसँगै पहिचान आन्दोलन विस्तारै कमजोर बन्दै गएको नेम्बाङ बताउँछन् ।

यसबाहेक पहिचान पक्षधर दलहरू आन्तरिक विभाजन, नेतृत्व संकट र सत्तामुखी राजनीतिमा अल्झिँदा आन्दोलनको धार कमजोर परेको टिप्पणी भइरहेको छ । आन्दोलन सडकबाट संस्थागत राजनीतिमा प्रवेश गरे पनि उपलब्धि जोगाउने र थप विस्तार गर्ने रणनीति भने कमजोर बनेको पनि बताइन्छ । यस्तोमा प्रा.डा. लावतीले त आन्दोलनको हिस्सेदार शक्ति रास्वपामा मिसाएको आरोप सामना गरिरहेका छन् ।

लावतीले भने आरोप खारेज गरिदिए । उनले भने, 'उज्यालो नेपाल पार्टी किन र कसरी रास्वपामा गाभियो ? हामीलाई थाहा भएन । समाचारमा पो एकता भएको थाहा पायौं, जुन एकता मेरो चाहना होइन ।' उनी पूर्वपञ्च पद्मसुन्दरका जेठो छोरा हुन् । उनीसँगै थेगिम पनि पहिचान आन्दोलनको अग्रमोर्चामा छन् । तर, रास्वपासँग एकता प्रक्रियामा जाँदा उनीहरू आलोचनाको केन्द्रमा छन् ।

पहिचानपक्षधर युवा नेता नुनाम लिम्बूले डा. लावती, थेगिम र अर्का नेता एबिराज आङ्देम्बेलाई दुईवटा विकल्प सुझाएका छन् । पहिलो, 'पहिचानवादी मोर्चा ब्युँताउनुहोस् नभए हालको हमला र आलोचनालाई फेस गर्नुहोस् ।'

पार्टी घोषणापत्रलाई आधार मान्दा रास्वपा संघीयतापक्षधर शक्ति नै हो । त्यहाँ संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षपाती दलको रूपमा चिनाइएको छ । तर, २०७९ को प्रदेशसभा निर्वाचनमा रास्वपा सहभागी भएन । त्यसपछि भएका प्रदेश उपनिर्वाचनहरूमा पनि रास्वपाको सहभागिता रहेन । स्पष्टरूपमा रास्वपाले प्रदेश संरचनालाई बोझ मानेको छ । जबकि, प्रा.डा. लावतीलगायत नेताहरू भने प्रदेश अनिवार्यताको पक्षमा छन् । यसले एजेण्डा एउटा तर पार्टीको छाता अर्कै भएको देखिएको पहिचान पक्षरहरूको टिप्पणी छ ।


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०८/१० मा **प्रा.लि.नं. २२९०३६/०७६/०७७** मा दर्ता भएको **बडिगाड मिडिया हाउस प्रा.लि** को मिति २०८२/०९/१० मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः एकराज पन्त, (इजाजत पत्र नं. ४१४)**

**ठेगाना : ठमेल, काठमाडौं, फोन नं. ९८५१०२७६६०**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७५/०४/२२ मा दर्ता भएको प्रा.लि.नं. १९५३३४ को **उज्यालो डेभलपर्स प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७५/०९/१८ मा दर्ता भएको प्रा.लि.नं. २०५८३८ को **राजविराज एचिभर्स कन्सल्टिंग सर्भिसेस प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/१६**

यस सा.व.उ.स. बाट संकलित खयर काठ ६६३.०७ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**धारापानी घुमाउनेडाँडा सा. वन उपभोक्ता समूह, व्यास ११, तनहूँ**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/१६ गते**

यस कम्पनीको मिति २०८२/०८/२८ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सनशाईन मेमोरियल बोर्डिङ्ग स्कूल डोटी** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सनशाईन मेमोरियल बोर्डिङ्ग स्कूल कैलाली प्रा.लि. (प्रा.लि.नं. १४३९६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/१६ गते**

यस कम्पनीको मिति २०८२/०८/२४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लाईफलाइन फाउण्डेशन** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुदूरपश्चिम रोयल्स फाउण्डेशन (मु.वि.नगर्ने) (प्रा.लि.नं. ३७६०६६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/१६ गते**

यस कम्पनीको मिति २०८२/०९/०६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिनायक सिमेन्ट ट्रेडलिङ्क** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बिनायक इन्फ्रा ट्रेड प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३७५१२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/१६ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०३/३०मा स्वीकृति प्राप्त भई साविक **गुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. २९८५४०)** को नाम रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **गुरो इन्जिनियरिङ्ग ग्रुप प्रा.लि**. अंग्रेजीमा **Guro Engineering Group Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१६ गते**

यस कम्पनीको मिति २०८२/०५/१६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिर बेताल एग्रो फरेष्टी प्रा. लि**.को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अनायरा ड्रेस एण्ड प्रिन्ट हाउस (प्रा.लि.नं. २२९१८८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**Chame Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Chame, Manang**

**Gandaki Province Nepal**

**NOTICE: INTENT 0F ACCEPTANCE**

**(Date of Publication 2082-09-16)**

For the provision of clause sub 27 clause (2) and (3) of the public procurement Act 2063, this is to notify all bidders who submitted their bids for the contracts as per the notice published on **18-11-2025** in **Prabhab National Daily** that the following lowest evaluated substantial responsive bidder is intended to award the contract.

| Name of Project | Contract no | Name of the Successful Bidder | Bid Amount (Including VAT &PS) |
|---|---|---|---|
| Construction of Pari Chame Khanepani & Dhal Nirman With Bidhut CCTV Underground Works. | CRM-Works/04/082/083 | K.I Construction, Imadol Municipality-04 Lalitpur | NRs 3274784.36 |

**Chief Administrative Officer**



# Sotang Rural Municipality

## Office of Rural Municipal Executive

**Sotang, Solukhumbu**

**Koshi province, Nepal**

## Invitation for Online Bids

**Date of Publication: 2082/09/16 (31/12/2025)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S.N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 09/SRM/ NCB/2082/083 | Chemadhu Sadak Track Open. | 69662/- | 90 days | 3,000.00/- | 3145446.96/- | 2082/10/18 (01-02-2026) 12:00 PM | 2082/10/18 (01-02-2026) 14:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:

| | |
|---|---|
| **Name of the Bank:** | Agriculture Development Bank, Solukhumbu |
| **Name of the Office:** | Sotang Rural Municipality Office, Solukhumbu |
| **Office Code No.** | 801010908 |
| **Office Account No.** | 1125501429939116 (For Bid Document) |
| **Office Account No.** | 1125501429939035 (For Bid Security) |

4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**

# भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाएकी छन् । तमु हचुल छोज धिँ गुरुङ राष्ट्रिय परिषद्ले मंगलबार टुँडिखेलमा आयोजना गरेको तमु ल्होसार महोत्सवलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले शान्ति, सुरक्षाको प्रत्याभूतिसहित भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने बताएकी हुन् ।

उनले राजनीतिक दलका तर्फबाट उत्साहका साथ समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको बन्द सूची निर्वाचन आयोगमा पेस भएसँगै प्रतिनिधिसभा सदस्यको निर्वाचन सुनिश्चित भएको दाबी गरिन् । उनले जतिसुकै मतभेद भए पनि एकापसमा हातेमालो गर्दै आपसी संवाद र सहमतिका आधारमा मुलुकलाई राजनीतिक निकास दिनेगरी निर्वाचनका पक्षमा देश होमिएको बताइन् ।

प्रधानमन्त्री कार्कीले मुलुकमा विकसित घटनाक्रमबाट पाठ सिक्दै शान्तिपूर्ण, संविधानसम्मत र लोकतान्त्रिक विधि प्रक्रियाबाट युवाले चाहेजस्तो देश निर्माण गर्न सरकार अग्रसर रहेको बताइन् । लोकतन्त्रको मुख्य आधार उल्लासमय वातावरणसहित स्वच्छ र निष्पक्ष निर्वाचन रहेको उनको भनाइ थियो । उनले प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न गरी मुलुकलाई राजनीतिक निकास दिन सरकारलाई साथ दिन सबैसँग अनुरोध गरिन् ।

# संस्कार सुधार समाजमा नयाँ कार्यसमिति

**काठमाडौं (प्रस)–** संस्कार सुधार समाजको अध्यक्षमा पुण्यप्रसाद ढकाल चयन भएका छन् । शनिबार नयाँ बानेश्वरमा भएको विशेष साधारणसभाले ढकालको नेतृत्वमा सर्वसम्मतरूपमा नयाँ कार्यसमिति चयन भएको हो । पेसागत महासंघ नेपालका अध्यक्षसमेत रहेका ढकाल पूर्वनिजामती कर्मचारी हुन् ।

समाजको सहअध्यक्षमा धरणीप्रसाद गौतम, उपाध्यक्षहरूमा डा. होमनाथ पौडेल, अम्बु भवानी कार्की, डा. निर्मला न्यौपाने, महासचिवमा खगेन्द्रप्रसाद पोखरेल, सचिवमा डा. प्रकाशज्योति पोखरेल र कोषाध्यक्षमा रमेश अधिकारी चुनिएका छन् । त्यस्तै सदस्यहरूमा डिल्लीरमण आचार्य, धनज न्यौपाने, रुद्र आचार्य, थर्कबहादुर वस्नेत, बैकुण्ठ गुरागाई, डा. विदुर वस्ती, नारायण भट्टराई, प्रल्हाद विष्ट, विशाल घिमिरे, प्रकाश पौडेल र रञ्जनाकुमारी पोखरेल रहेका छन् । सचिव पोखरेलले नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको रहने बताए । विधानअनुसार २६ जनाको कार्यसमिति रहने व्यवस्था छ ।

निवर्तमान अध्यक्ष शम्भुप्रसाद पोखरेलले मृत्यु संस्कार गर्ने दिन घटाएर ५ दिनमा ल्याउनुपर्छ भनेर आफूहरूले भनिरहँदा धेरैले कुरा ठिक हो भने पनि व्यवहारमा उतार्न नसकेको बताए । उनले यो अभियानलाई गाउँगाउँसम्म पुऱ्याउनुपर्ने बताए । साधारणसभाका सहभागीहरूले १३ दिनसम्म गरिने काजकिरियाको संस्कार ५ दिनमा गर्दा पनि फरक नपर्नेमा जोड दिए ।

# 'राष्ट्रिय संकटको समाधान निर्वाचनबाट मात्रै सम्भव'

**ललितपुर (प्रस)–** पूर्वमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)की नेत्री पम्फा भुसालले आगामी फागुन २१ गते हुने निर्वाचन संविधान र राष्ट्रियताको रक्षा गर्ने निर्णायक अवसर हुने बताएकी छन् । महालक्ष्मीस्थानमा मंगलबार आयोजित नेपाल उद्योग व्यापार महासंघ ललितपुरको दोस्रो जिल्ला अधिवेशनमा बोल्दै उनले उक्त धारणा राखेकी हुन् ।

नेत्री भुसालले पछिल्लो समय देशले भोगिरहेको राजनीतिक अस्थिरता, विध्वंशात्मक गतिविधि र त्यसले निम्त्याएको राष्ट्रिय संकटको समाधान लोकतान्त्रिक अभ्यास निर्वाचनमार्फत मात्रै सम्भव हुने बताइन् । उनले जेन-जी आन्दोलनका क्रममा नागरिकले ज्यान गुमाउनुपरेको स्मरण गराउँदै भदौ २४ गते भएको घटनालाई योजनाबद्ध विध्वंशको संज्ञा दिइन् ।

उनको बुझाइमा उक्त घटनाहरू कुनै स्वस्फूर्त देशभक्त आन्दोलन नभई लामो तयारीसहित गरिएको राजनीतिक षडयन्त्र थियो । 'यस्ता संकटबाट मुलुकलाई बाहिर निकाल्ने एकमात्र विकल्प फागुन २१ को निर्वाचन हो,' नेत्री भुसालले भनिन् ।

कार्यक्रममा नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय अध्यक्ष खिमलाल भण्डारीले मुलुकमा व्याप्त कुशासनकै कारण व्यापार र लगानीको वातावरण बिग्रिएको गुनासो गरे । राज्यले व्यवसायमैत्री नीतिगत व्यवस्था गर्न नसकेको भन्दै महासंघले साना व्यवसायीको हितमा निरन्तर आवाज उठाउँदै आएको उनको भनाइ थियो । संघका ललितपुर जिल्ला अध्यक्ष राज घिमिरेले महासंघलाई साना तथा मझौला व्यवसायीको वास्तविक हित प्रतिनिधित्व गर्ने संस्थाका रूपमा सुदृढ बनाउँदै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

## कमल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तोपगाछी, झापा**
**कोशी प्रदेश, नेपाल**

**रतुवा खोलाको नदि जन्य समाग्री उत्खन्न, संकलन र बिक्री (Extraction, Collection and Sale of Riverbed Materials from the Ratuwa River) सम्बन्धी**

### बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०९/१६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) र दफा ६२ (क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.EE. प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खन्न संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८२ ले तोकेको दरमा विक्री गर्ने गरी तपसिल बमोजिमको नदिरखोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरूले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ । वृस्थित विवरण धधध।दयउिबतचब। नयख।लउरभनउ मार्फत हेर्न सकिनेछ ।

**तपसिल**

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् हुने क्षेत्र | उत्खन्न योग्य परिमाण | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र खोल्ने समय | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 17N2/KRM/ IR/2082/083 | रतुवा खोलाको नदि जन्य समाग्री उत्खनन् संकलन र बिक्री । (Extraction, Collection and Sale of Riverbed Materials from the Ratuwa River) | दमक नगरपालिका र कमल गाउँपालिकाको सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट | ४३,१०० घन मीटर | ८१,०१,२६१।०० | न्युनतम ४,०५,०६४। र कबोल गरेको रकमको ५% मध्ये बढी हुने रकम धरौटी रकम हुनुपर्नेछ | २०८२/१०/०२ समय १३:०० | ३,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## Aathrai Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
**Hangpang, Taplejung**

### Invitation for Bids

**Second Date of publication: 2082/09/16**

1. Aathrai Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following work.

| S. No. | Contract No. | Description of Works | Estimated Amount (With Vat and PS ) | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | ATRM/SQ/SUPPLY/ 02/82/83 | Supply and Delivery of Meidicine for Health Post and its Units | 20,89,500 | Nrs. 53,000 | Nrs. 1,000 | E-bid |

2. Bidding is open to all eligible bidders under Sealed Quatation.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp .
4. A complete set of Bidding Documents may download the bidding documents & submit their bid electronically for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banjiya Bank Limited
   Name of Account: AATHRAI GA. PA. (GA-1-1)-AANTARIK RAJ
   Office Account no.: 2670100301010002
   Office Code Number : 80101501300
   Revenue Code Number : 14229
5. Bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 noon on 2082.10.02 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 on 2082.10.02 at the office of Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as per above mentioned table which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of the Bank: Rastriya Banjiya Bank Limited
   Name of Account: AATHRAI GA.PA.(GA-3)-DHARAUTI ACCOU
   Office Account no.: 2670100303000002
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Act.Chief Administrative Officer**
**Aathrai Tribeni Rural Municipality**


**ओमनमा रोजगार** कम्पनी : AL TAYEB LISLA AL ISTALAKIYA AND BUSINESS SPC

पूर्व स्वीकृति मिति : २०८२/०९/१४ | LT. No. 336135 | चलानी नं. ६०२४९८४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Meat Section Worker | 10 | 0 | 120 | ४४,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २३ गते (7th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

**कुवेतमा रोजगार** कम्पनी : STROBE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१५ | LT. No. 324773 | चलानी नं. ६०२३८६८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST/PEDICURIST | 0 | 3 | 200 | ९३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २३ गते (7th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** कम्पनी : AL BAWABA FOOD TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336107 | चलानी नं. ६०२४९७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५७,४७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २३ गते (7th jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ९७१/०६७/०६८
Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**साउदीमा रोजगार** कम्पनी : COMPANY MOSNA OMRAN AL-KHALIJ FOR MANUFACTURING

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336044 | चलानी नं. ६०२४९८४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TAILOR | 2 | 0 | 1400 | ५३,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADEL ABDULLAH ALSHAHRANI ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336104 | चलानी नं. ६०२४९८५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage | 2 | 0 | 1200 | ४५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sweets Maker | 3 | 0 | 1200 | ४५,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २३ गते (7th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**साउदीमा रोजगार** कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY — शेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१५ | LT. No. 335655 | चलानी नं. ६०२४९२६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Packing Worker | 1 | 0 | 1000 | ३८,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 1 | 0 | 1000 | ३८,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः ललितपुर, पीस टेक्निकल ट्रेनिङ सेन्टर - (PTTC) मा मितिः २०८२ पुस २४ गते (8th Jan. 2026) मा हुनेछ ।

कम्पनी : KARRENA ARABIA CO. LTD — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१५ | LT. No. 331071 | चलानी नं. ६०२४४८१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 1 | 0 | 1200 | ४६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २३ गते (7th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104
श्रम ईजाजत नं. ११९२/०७३/७४

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## समानुपातिक सूचीमा पुरानै ढर्रा

**खसमानुपातिक सूचीमा यसपटक कांग्रेसले पहिले अवसर पाएकालाई नराख्ने भनेको थियो । यहीअनुसार कांग्रेसले जिल्ला–जिल्लामा परिपत्र गरेको थियो । तर, निर्वाचन आयोगमा बुझाएको कांग्रेसको समानुपातिक सूची पल्टाउँदा त्यो देखिएन । संस्थापन गुट र इतर गुट मिलाउने नाममा पटक–पटक अवसर पाइसकेका अर्जुननरसिंह केसीदेखि राष्ट्रपति रामचन्द्र पौडेलकी छोरीलाई कांग्रेसले समानुपातिक सूचीमा प्राथमिकतासाथ राखेको छ ।**

**अरु दल हेरी कांग्रेस निकै पुरानो पार्टी हो । यो दल सुध्रन भन्दै बेलाबेला जनताले विद्रोह गर्दै आएको छ । बेलाबेला कांग्रेस होसमा आएझैं सुध्रन्छ र जनताले यस्तो बेला कांग्रेसलाई साथ दिँदै पनि आएको छ । यसपटक कांग्रेसका लाचरीपनका कारण जेन–जी विद्रोह भयो । यो विद्रोहको स्पष्ट सन्देश थियो, दलहरू सुध्रिनुपर्छ । तर कांग्रेसको उम्मेदवार सूचीले यस्तो देखाएन । कांग्रेस त सुध्रिएन नै वैकल्पिक शक्ति निर्माणमा एकाकार भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)समेत यो विषयमा चुकेको देखिन्छ । रास्वपाले समानुपातिक सूचीमा नातेदार, तारमारा वर्ग, सेलिब्रेटीलगायत राख्न सफल भएको देखिन्छ ।**

**खासमा प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न नसक्ने तर कानुन निर्माण गर्ने थलो संसद्मा प्रतिनिधित्व हुनुपर्ने सीमान्तकृत समुदायको प्रतिनिधित्वको सुनिश्चितताका लागि समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिएको हो । उम्मेदवार बन्नका लागि प्रतिस्पर्धा गर्न नसक्ने तर विशेषज्ञता हासिल गरेकाहरूलाई सहभागी बनाउने बाटो पनि हो । तर रास्वपाको समानुपातिक सूचीमा व्यापारी चन्द्र ढकालका छोरा सचिन ढकाल छन् । ढकाल उनै व्यापारी हुन् जसले मुक्कुमलुङमा केबलकार बनाउने नाममा स्थानीयको आवाज दबाउन एमाले–कांग्रेसजस्ता दलका नेतादेखि सत्ताको शक्ति प्रयोग गरेका थिए । रास्वपाले पार्टीभित्रै आन्तरिक निर्वाचन गरी समानुपातिक उम्मेदवारहरू छानेका थिए । यद्यपि यही क्रममा काठमाडौं महानगरका मेयर बालेन्द्र साह, उज्यालो नेपाल पार्टीका कुलमान घिसिङसँग सम्झौता गर्दा धेरै उम्मेदवार छुटाए ।**

**रास्वपाले आफ्ना सभापति रवि लामिछानेले कैद जीवन बिताउन सघाएकाहरूलाई पनि समानुपातिक सूचीमा राखेको छ । यही क्रममा कुलमानलेसमेत आफ्नो नातेदारलाई प्राथमिकतामा पारेको आरोप लागेको छ । खासमा पुराना दलबाट भए गरेका गल्तीमाथि उठेका प्रश्नहरूको सम्बोधन नयाँ शक्तिले गर्नुपर्ने हो । प्रश्न उठाउने मौका नै दिन नहुने हो । तर, 'जुन जोगी आए नि कानै चिरेका' भन्ने नेपाली उखानलाई चरितार्थ पार्ने गरी नयाँ दलले पनि उस्तै पारा देखाएको छ । नातावाद, कृपावादलाई निरन्तरता दिने भए, एक्स्पोज नेपोबेबी, नो नट अगेन जस्ता अभियान किन चलाउनु ?**

# राजनीतिक संस्कृतिको प्रश्न, विवन्धन र सर्वोच्च अदालतको कार्यभार



❑ दलबहादुर धामी

*'न्यायपालिकाको प्रमुख प्रधानन्यायाधीशलाई संविधानको धारा ३८ ले कथित अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्ष पदमा नियुक्त गर्ने लगायतका विषयहरू समावेश गरी असंवैधानिकरूपमा धारा १५८ अन्तर्गत बाधा अडकाउ फुकाउ आदेश नै संविधानको प्रस्तावना, धारा १, २, ३२, ३३ (क), .... तथा सर्वोच्च अदालतले प्रतिपादन गरेका बाधा अडकाउ फुकाउसम्बन्धी सिद्धान्तहरूविपरीत भई सम्पूर्णरूपमा बदरभागी भएको हुँदा संविधानको धारा १०७ (१) र(२) का आधारमा उत्प्रेषणको आदेशले प्रारम्भदेखि अमान्य र बदर घोषित गरीपाऊँ ।'*

***–वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवाली***
***अधिवक्ता ओमप्रकाश अर्याल***

०००

*'लोकतन्त्रको मान्य आदर्श र लोकतान्त्रिक सरकारको चरित्र सुहाउँदो हुनेगरी प्रधानन्यायाधीशलाई नै मन्त्रिपरिषद्को अध्यक्ष बनाउनेजस्तो कुनै किसिमको अभ्यास स्पष्ट संवैधानिक प्रत्याभूतिबेगर नेपालको संविधानवाद र संवैधानिक पद्धतिका दृष्टिले अन्तरिम संविधानको कार्यान्वयनको सिलसिलामा तथा तदोपरान्तको संवैधानिक पद्धतिको कार्यान्वयनको सिलसिलामासमेत अवाञ्छित हुने हुनाले त्यस्तो कार्य अब फेरि कुनै हालतमा दोहोरिन नपाउने गर्न गराउन र त्यसतर्फ सदैव सचेत रहन निर्देशनसहित विपक्षीहरू सम्माननीय राष्ट्रपतिलगायत सबैमा यो आदेशको प्रतिलिपि पठाइदिने ठहर्छ ।'*

***–प्रधानन्यायाधीश कल्याण श्रेष्ठ,***
***न्यायाधीश सुशिला कार्की***

०००

यी माथिका दुईवटा हरफ मजाकको भरमा, लहलहैको भरमा, बनावटी वा कसैले रमाइलोका लागि लेखिएका कथनहरू होइनन् । २०६९ सालमा तत्कालीन नेपालको अन्तरिम संविधान २०६३ जारी रहेका बेला राजनीतिक दलहरूले सहमति गरी उक्त संविधानको धारा १५८ बमोजिम राष्ट्रपतिले बाधा अड्काउ फुकाउ आदेश गर्न पाउने संवैधानिक प्रावधानबमोजिम तत्कालीन सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णय भई रेग्मी मन्त्रिपरिषदको अध्यक्ष नियुक्त भएपछि सो नियुक्तका विरुद्ध वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवाली र अहिलेका गृहमन्त्री अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको विषयअन्तर्गत दर्ता गरेको रिट निवेदकको प्रमुख मागदाबी र सो रिटमा अन्तिम सुनुवाइ गर्दा आफ्नो राय लेख्ने क्रममा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र वरिष्ठतम् न्यायाधीश वर्तमान प्रधानमन्त्री सुशिला कार्कीले लेखेका उक्त मुद्दाको फैसलामा लेखिएका शब्दहरू हुन् ।

सर्वोच्च अदालतको न्यायाधीश वा प्रधानन्यायाधीश संविधानतः देशको प्रधानमन्त्री हुन मिल्दैन भनी आफ्नो राय लेख्ने व्यक्ति अहिले देशको प्रधानमन्त्री र सर्वोच्च अदालतको प्रधानन्यायाधीश देशको प्रधानमन्त्री हुन मिल्दैन भनी मुद्दा दायर गर्ने अधिवक्ता अर्याल गृहमन्त्री छन् । यसलाई संयोग नै मान्नुपर्छ । प्रमाण ऐन २०३१ को दफा ३४ मा विवन्धनको व्यवस्था छ जसमा कुनै पनि व्यक्तिले औपचारिकरूपमा एकपटक लेखेको वा बोलेको विषयमा पछि मेरो होइन भनी भन्न पाउँदैन भन्ने व्यवस्था गरेको छ । त्यसैगरी पछिल्लोपटक इमान्दारिता, नैतिकता हराएको भनिएको नेपाली समाजमा देशको प्रधानमन्त्री र मन्त्रीहरूले नै आफूले पहिला बोलेको वा गरेको कामलाई चटक्कै बिर्सेर त्यही काम गर्नुले नेपाली समाजमा साँच्चिकै नैतिकता, इमान्दारिता हराएको रहेछ कि भन्ने भाष्य स्थापित भएको देखिएको छ ।

भदौ २३ र २४ को घटनापछि सर्वोच्च अदालत पनि जलेकोले सबै कामकारबाही ठप्प भए पनि विस्तारै तंग्रिदै असोज २८ गतेदेखि रिट निवेदनलगायतको दर्ता प्रक्रिया सुरु हुने भएपछि सोही दिन गैरसंवैधानिक तरिकाले पूर्वप्रधानन्यायाधीश कार्की (जो प्रतिनिधिसभाको सदस्य पनि होइनन्) प्रधानमन्त्री नियुक्त भएका र उनको एकल निर्णयले प्रतिनिधिसभा विघटन गरिएकोले उक्त सबै निर्णयहरू बदर गरी प्रतिनिधिसभा पुनर्स्थापना गरी पाउन सार्वजनिक सरोकारको विषयमा १२ वटा रिट निवेदनहरू संवैधानिक इजलासका लागि दर्ता भए । ती मुद्दाहरूको सुनुवाइ भएको पहिलो दिन गत कात्तिक १२ गते सर्वोच्च अदालतको संवैधानिक इजलासको गठन र इजलासमा रहेका प्रधानन्यायाधीश र न्यायाधीशहरू पाँचै जनाको उपस्थिति, हाउभाउ निजहरूको प्रश्न सोधाइ र लिएको चासो हेर्दा फरक तर रोचक देखिन्थ्यो । किनभने प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरीप्रसाद फुयाल र मनोजकुमार शर्मा जसको विगत इतिहास हेर्ने हो भने वकिलहरूका पेसागत संगठनमा आबद्ध विधिको शासन, संवैधानिक सर्वोच्चता, मानवअधिकार यस्तै प्रकारका सार्वजनिक सरोकारका विषयमा अदालतमा बहस पैरवी गर्ने वरिष्ठ अधिवक्ताको रूपमा लामो समय काम गरेका मुर्धन्य नेता वकिल थिए । हामीलाई लागेको थियो कि बेञ्च सही गठन भएछ र पक्कै पनि निकै चासोका साथ मुद्दा हेरिने छ । तर त्यसो भएन र सामान्यरूपमा लिई कारण देखाऊ आदेशबाहेक केही भएन ।

भनिन्छ कि- राजनीतिमा असम्भव भन्ने केही हुँदैन, राजनीतिमा सत्रु र मित्र भन्ने हुँदैन । 'संविधान बाइबल वा गीता होइन, यो परिवर्तन गर्न मिल्छ ।' अझ बेलायतको संसद्ले 'महिलालाई पुरुष र पुरुषलाई महिलाबाहेक अरु जे पनि गर्न सक्छ' भनिन्छ । यी जेसुकै भनाइहरू भए पनि देशको मातृकानुन वा मूल कानुन जे भने पनि देशलाई सुचारुरूपमा अगाडि बढाउनका लागि संविधान चाहिन्छ र त्यो संविधानको मूल मर्म र भावनाभित्र रहेर थप कानुनहरू निर्माण गर्ने र संविधान र कानुनको व्याख्यासमेत गर्ने अधिकार पाएको सर्वोच्च अदालतले त्यही संविधानमा भएको व्यवस्था र त्यसको मर्म भावनाभित्र रहेर थप व्याख्या गरी निकासा दिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुख्य अभ्यास पनि हो ।

२००८ सालमा नेपालमा प्रधानन्यायालय गठन भएको र २०१३ सालमा सर्वोच्च अदालत गठन भएको समयदेखि हालसम्मको इतिहास हेर्दा सर्वोच्च अदालतले जस्तोसुकै राज्य व्यवस्था भए पनि न्यायको रोहमा सामान्यतया कहिल्यै पनि आफ्नो धर्म छोडेको देखिँदैन । क्रुर पञ्चायती शासनकालमा बिपी कोइरालाविरुद्धको एक मुद्दामा तत्कालीन प्रधानन्यायाधीश हरीप्रसाद प्रधानले जनतालाई चल्ला, सरकारलाई चिल र अदालतलाई माउको संज्ञा दिँदै 'चिलरूपी सरकारले जहिले पनि आकाशबाट चल्लाहरूलाई कसरी झम्टिन सकिन्छ दाउ हेरिरहेको हुनसक्छ, त्यस्तो बेला अदालतले माउको भूमिकामा आफ्ना चल्लाहरूको बचाउ गर्नु माउको धर्म हो, यो भूमिका अदालतले निभाउनुपर्छ' भनेर व्याख्या गरेको इतिहास हामीसँग छ ।

पञ्चायतकालमा यस्ता थुप्रै मुद्दाहरूमा सर्वोच्च अदालतले मानवअधिकार, संविधानवाद, प्रजातन्त्र, कानुनी शासनको रक्षाका लागि शक्तिका अगाडि नझुकी स्वतन्त्र न्यायालयको शिर ठाडो हुनेगरी निर्णय दिएका उदाहरणहरू छन् । पछिल्लोपटकको महत्त्वपूर्ण फैसलाको रूपमा तत्कालीन पूर्वराजा ज्ञानेन्द्र शाहले गठन गरेको शाही आयोग विघटनको मुद्दालाई लिन सकिन्छ । त्यो समयमा गैरसंवैधानिक तरिकाले तत्कालीन राजा ज्ञानेन्द्रले राजनीतिक दलका नेताहरूलाई जेल हाल्नका लागि शक्तिशाली शाही आयोग गठन गरी उक्त आयोगमार्फत विभिन्न व्यक्तिहरूलाई पक्राउ गर्ने, मुद्दा लगाउने गर्दै आतंक फैलाएका थिए । त्यो बेला कसैले पनि राजाको आदेशउपर टिप्पणी गर्न सक्ने अवस्था नै थिएन । पछि सो आयोगकाविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भई सो उपर फैसला गर्दै सर्वोच्च अदालतले शाही आयोग खारेज गरेको थियो । सोही फैसलाका कारण तत्कालीन राजा ज्ञानेन्द्रको मात्र होइन इतिहास बोकेको राजतन्त्र नै समाप्त भयो ।

अन्त्यमा, गणतन्त्रको मुख्य आधार भनेको स्वतन्त्र न्यायपालिका हो । कुनै पनि देशको प्रजातान्त्रिक व्यवस्था कति बलियो छ भन्ने मापन गर्ने मुख्य आधार नै त्यो देशको न्यायालय कति स्वतन्त्र छ भन्ने हो । नेपालको संविधानले सबै नागरिकको हैसियत समान मानेको छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ८ मा प्रत्येक व्यक्तिलाई संविधान र प्रचलित कानुनद्वारा प्रदत्त मौलिक अधिकारको उलंघन गर्ने कार्यहरूविरुद्ध सक्षम न्यायालयबाट प्रभावकारी उपचार पाउने अधिकार हुने छ भनिएको छ । अदालतले भीडको आधारमा मिडिया ट्रायलको आधारमा, कसैको दबाबमा भन्दा पनि प्रचलित संविधानको मर्म र भावनाविपरीत नहुनेगरी कुनै पनि संवैधानिक र कानुनी बाधा अड्चन फुकाउनका लागि उचित व्याख्या गरी निकास दिनुपर्ने हुन्छ । यसअघिका कतिपय मुद्दाहरूमा समयमा न्याय निरूपण नगरेका कारण ती विवादहरू यथावत् नरहेका होइनन्, तथापि अझ त्यसैगरी गैरसंवैधानिक प्रक्रियाबाट गठन भएको सरकार र प्रतिनिधिसभा विघटनको विषयलाई पन्छाउन मिल्दैन र पन्छाउनु पनि हुँदैन ।

आवश्यकताको सिद्धान्त आधारमा सरकार गठन र प्रतिनिधिसभाको विघटन गरिएको भनिए पनि भदौ २४-२७ गतेसम्मको परिस्थिति र अहिलेको परिस्थिति बदलिएको छ । अदालतले त्यो बेलाको परिस्थिति के कस्तो थियो ? त्यो आकलन नगरी अहिले नेपालको संविधान लागू छ, यसै संविधानबमोजिम देशको शासनसत्ता चलिरहेको छ र सरकार गठन र प्रतिनिधिसभा विघटनको मुद्दामात्र होइन जुनसुकै विषयमा पनि प्रचलित संविधान र कानुनको परिधिभित्र रहेर आफ्नो फैसला गर्नुपर्दछ । नेपालको लोकतन्त्रलाई अझ बलियो बनाउनमा एक इँटा थप्न सहास गर्नुपर्छ । यही हो सर्वोच्च अदालतको धर्म र इतिहास पनि ।

> "अदालतले भीडको आधारमा मिडिया ट्रायलको आधारमा, कसैको दबाबमा भन्दा पनि प्रचलित संविधानको मर्म र भावनाविपरीत नहुनेगरी कुनै पनि संवैधानिक र कानुनी बाधा अड्चन फुकाउनका लागि उचित व्याख्या गरी निकास दिनुपर्ने हुन्छ । यसअघिका कतिपय मुद्दाहरूमा समयमा न्याय निरूपण नगरेका कारण ती विवादहरू यथावत् नरहेका होइनन्, तथापि अझ त्यसैगरी गैरसंवैधानिक प्रक्रियाबाट गठन भएको सरकार र प्रतिनिधिसभा विघटनको विषयलाई पन्छाउन मिल्दैन र पन्छाउनु पनि हुँदैन ।

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# आक्रोशको प्रतीकदेखि सत्ताको समीकरणसम्म बालेन



❑ रमेशकुमार बोहोरा

नेपाली राजनीतिमा पात्र फेरिनु कुनै नौलो कुरा होइन । समयसँगै अनुहार बदलिन्छन्, नाम बदलिन्छन्, दलका झण्डा फेरिन्छन् । तर पात्रसँगै राजनीतिक संस्कार, दृष्टिकोण र उत्तरदायित्व पनि बदलिन्छ कि बदलिँदैन भन्ने प्रश्न भने सधैं अनुत्तरितझैं रहँदै आएको छ । यही प्रश्नको केन्द्रमा आज काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साह उभिएका छन् । स्थानीय सरकारको नेतृत्वबाट राष्ट्रिय राजनीतितर्फ उन्मुख हुँदै गर्दा उनले बोकेको अपेक्षाको भारी सामान्य छैन । यो कुनै एक व्यक्तिको राजनीतिक यात्राको मात्र कथा होइन । यो समकालीन नेपाली समाजको निराशा, आक्रोश र आशा तीनैको संयुक्त प्रतिविम्ब हो ।

बालेनको उदय दलतन्त्र र नेतातन्त्रप्रति बढ्दै गएको असन्तुष्टिको प्रत्यक्ष परिणाम हो । २०७९ सालको स्थानीय तह निर्वाचनमा ६१ हजार ७६७ मतसहित काठमाडौं महानगरको मेयर निर्वाचित हुँदा उनले केवल चुनाव जितेका थिएनन् । उनले स्थापित राजनीतिक संरचनामाथि प्रश्न उठाउँदै वैकल्पिक नेतृत्वको खोजलाई मूर्तरूप दिएका थिए । त्यो मत कुनै संगठित वैचारिक आन्दोलनको परिणाम थिएन । त्यो मत कुनै दीर्घकालीन राजनीतिक संघर्षको निरन्तरता पनि थिएन । त्यो मत मूलतः थाकेको समाजको आवेग, वितृष्णा र आक्रोशको अभिव्यक्ति थियो ।

त्यसपछिका महिनाहरूमा बालेनको लोकप्रियता निरन्तर उकालो लाग्यो । पुराना दल र तिनका नेताप्रति वितृष्ण बनेको समाजले बालेनमा 'भिन्नता' देख्यो । उसले 'आशा' देख्यो र अझ महत्त्वपूर्ण कुरा उसले 'प्रतिरोध' को सम्भावना देख्यो । यही सम्भावनाले बालेनलाई एक स्थानीय जनप्रतिनिधिबाट राष्ट्रिय चासोको पात्र बनायो । तर लोकप्रियता आफैंमा नीति होइन । समर्थन आफैंमा दृष्टिकोण होइन र भीड आफैंमा संस्थागत क्षमता होइन । स्थानीय तहमा देखिएको 'डेलिभरी' स्वतः राष्ट्रिय तहमा रूपान्तरण हुन्छ भन्ने मान्यता स्वयं खतरनाक हुन्छ ।

बालेनको लोकप्रियता वैचारिक स्पष्टताको परिणाम होइन । यो असन्तुष्ट समाजको मनोवैज्ञानिक प्रतिक्रिया हो । यो त्यस्तो समाजको प्रतिक्रिया हो जसले पुराना राजनीतिक विकल्पमा आफूलाई देख्न छोडिसकेको छ । यही समाजले तत्कालीन आवेगलाई नेता खोज्ने प्रक्रियामा बालेनलाई केन्द्रमा राखेको छ । तर आवेग र नेतृत्वबीच ठूलो दूरी हुन्छ । आवेग क्षणिक हुन्छ । नेतृत्व दीर्घकालीन ।

यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भएको सहमतिले नेपाली राजनीतिमा गहिरो तरंग पैदा गरेको छ । केही दिनको छलफलपछि शक्ति बाँडफाँटमा आधारित सहमति सार्वजनिक हुनु सामान्य राजनीतिक घटना होइन । बालेनले रविलाई पार्टी अध्यक्ष स्वीकार्ने र रविले बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्ने सहमति केवल चुनावी तालमेल मात्र होइन । यो सत्ताकेन्द्रित राजनीतिक समझदारीको स्पष्ट संकेत हो । यसले बालेनको 'एन्टी इस्टाब्लिसमेन्ट' छविमा गम्भीर प्रश्न खडा गरेको छ ।

यस सहमतिपछि दुई धारको प्रतिक्रिया देखिएको छ । एकथरीले यसलाई वैकल्पिक राजनीतिले संस्थागत रूप लिने सुरुआतका रूपमा व्याख्या गरेका छन् । अर्काथरीले भने यसलाई नयाँ अनुहारले पनि अन्ततः पुरानै सत्ता राजनीतिको बाटो रोजेको उदाहरणका रूपमा हेरेका छन् । यही द्वन्द्वले एउटा गहिरो प्रश्न जन्माएको छ के यो एकता वैचारिक र संरचनात्मक सुधारका लागि हो कि केवल निर्वाचन जित्ने र सत्ताको गणित मिलाउने प्रयास ?

बालेनको राजनीतिक छवि 'एन्टी इस्टाब्लिसमेन्ट' को रूपमा निर्माण भएको हो । उनले काठमाडौं महानगरमा देखाएको निर्णय क्षमता, साहस र जोखिम लिन सक्ने आँटले उनलाई जनप्रिय बनायो । धेरैले उनलाई 'काम गरेर देखाउने नेतृत्व' को संकेत माने । तर यही क्रममा संवाद, सहमति र संवेदनशीलताको अभाव पनि उत्तिकै प्रस्ट देखियो । टुकुचा उत्खनन, सुकुम्बासी बस्तीमा डोजर प्रयोग, फुटपाथ व्यापारीप्रति कठोर व्यवहारजस्ता विषयमा पर्याप्त गृहकार्य, वैकल्पिक योजना र सामाजिक संवाद कमजोर देखियो । यसले बालेनको कार्यशैलीलाई 'आवेगप्रधान' र 'व्यक्तिकेन्द्रित' भन्ने आलोचनाको घेरामा ल्यायो । स्थानीय तहमा यस्तो शैली विवादास्पद हुन्छ । राष्ट्रिय राजनीतिमा भने यस्तो शैली झन् जोखिमपूर्ण हुन्छ । किनकि राष्ट्र-राज्य कुनै महानगरजस्तो एकल प्रशासनिक संरचनाबाट होइन, बहुआयामिक शक्ति सन्तुलन, संवैधानिक मर्यादा र संस्थागत संयमताबाट चल्छ ।

राष्ट्रिय राजनीतिमा प्रवेश गरेसँगै अब बालेनमाथि केवल 'काम' को होइन 'दृष्टिकोण' को पनि परीक्षा सुरु भएको छ । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता, आर्थिक नीति र विदेश नीति यी विषयमा उनको स्पष्ट र सार्वजनिक धारणा के हो ? अहिलेसम्म यी प्रश्नको ठोस, लिखित र संस्थागत जवाफ आएको छैन । केही जेन-जी प्रतिनिधिसँगको संवादमा उनले संविधान र गणतन्त्रको पक्षमा रहेको बताएका छन् भन्ने कुरा बाहिर आएको छ । तर मौखिक अभिव्यक्ति पर्याप्त हुँदैन । राजनीतिक दृष्टिकोण नीति, दस्तावेज र व्यवहारमार्फत प्रमाणित हुनुपर्छ ।

जेन-जी आन्दोलन स्वयं नेपाली राजनीतिमा एउटा निर्णायक मोड थियो । २०८२ साल भदौ २३ र २४ गते देखिएको युवाको आक्रोशले परम्परागत राजनीतिलाई खुला चुनौती दियो । त्यो आन्दोलनको नेतृत्व, उद्देश्य र गन्तव्यबारे बहस जारी छ । तर एउटा तथ्य निर्विवाद छ । त्यो आक्रोशले मौन समाजलाई बोल्न बाध्य बनायो । र त्यस आक्रोशको प्रतीक पात्रका रूपमा बालेन स्थापित हुँदै गएका छन् । यही कारण उनीमाथि अपेक्षाको भारी झन् बढेको छ ।

राष्ट्रिय राजनीतिमा बालेनको प्रवेशले एउटा युगीन प्रश्न उठाएको छ- के नेपाली समाजले नयाँ अनुहारमात्र खोजेको हो कि नयाँ राजनीतिक संस्कार पनि ? यसको उत्तर उनका भाषणले होइन । उनका निर्णय, नीति र व्यवहारले दिने छन् । अपेक्षाको भारी काँधमा बोकेर हिँड्नु साहसको कुरा हो । त्यो भारी बोक्न सक्ने कि त्यसैको चापमा थिचिएर लड्ने, इतिहासले होइन समयले छिट्टै फैसला गर्ने छ ।




## बैतडीमा अस्थायी मतदाताको विवरण संकलन सुरु

**बैतडी (प्रस)**– यहाँ अस्थायी मतदाताको विवरण संकलन थालिएको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता संकलन सुरु गर्ने भएको हो ।

यहाँका विभिन्न स्थानीय तह, संघसंस्था, कारागारसँग अस्थायी तथा करार कर्मचारीको विवरण माग गरी नामावली संकलनको काम थालिएको निमित्त जिल्ला निर्वाचन अधिकारी पुरषोत्तम जोशीले जानकारी दिए । जिल्लामा तीन हजारको संख्यामा अस्थायी मतदाता रहेको अनुमान छ ।

अस्थायी मतदाता नामावलीमा नाम समावेश हुने मतदाताको विवरण यही पुस १९ देखि आगामी माघ १८ गतेसम्म सम्बन्धित निकायका कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारी अधिकारी प्रदेश वा जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पठाउनुपर्ने छ । संकलित नामावली प्रकाशन र दाबीविरोध तथा जाँचबुझ गरी अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, कारागारमा रहेका थुनुवा तथा कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालनमा रहेका वृद्धावस्थामा बसेका व्यक्ति एवं संवैधानिक निकायका पदाधिकारीको नामावली संकलन गरिने कार्यालयले जनाएको छ ।

## दार्चुलामा ९२ हजार ९४८ मतदाता कायम

**दार्चुला (प्रस)**– दार्चुलामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कूल ९२ हजार ९४८ मतदाता कायम भएका छन् । अघिल्लो निर्वाचनको तुलनामा जिल्लामा मतदाताको संख्या वृद्धि भएको हो । अघिल्लो निर्वाचनसम्म दार्चुलामा कूल ९० हजार ७८२ मतदाता रहेका थिए । हाल निर्वाचन आयोगले गरेको मतदाता नामावली अद्यावधिकसँगै दुई हजार १६६ नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी चित्रप्रकाश जोशीका अनुसार हाल कायम मतदातामध्ये ४७ हजार ७५५ पुरुष र ४५ हजार १९३ महिला मतदाता रहेका छन् ।

मतदाता नामावली अद्यावधिकपछि जिल्लाको पालिकाअनुसारको तथ्यांकसमेत सार्वजनिक गरिएको उनले जानकारी दिए । जिल्लामा दुई नगरपालिका र सात गाउँपालिका रहेका छन् । स्थानीय तहगत तथ्यांकअनुसार शैल्यशिखर नगरपालिकामा १५ हजार ५१६ मतदाता रहेका छन् भने महाकाली नगरपालिकामा १४ हजार १४३ मतदाता कायम भएका छन् ।

यस्तै मालिकार्जुन गाउँपालिकामा ११ हजार ८७८, लेकम गाउँपालिकामा १० हजार ३११ र नौगाड गाउँपालिकामा १० हजार ८८ मतदाता रहेका छन् । मार्मा गाउँपालिकामा नौ हजार ६१३, दुहुँ गाउँपालिकामा आठ हजार ४४१, व्यास गाउँपालिकामा आठ हजार १६२ तथा अपी हिमाल गाउँपालिकामा चार हजार ७९६ मतदाता कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । आगामी निर्वाचनका लागि जिल्लामा ११२ मतदानस्थल र १४३ मतदान केन्द्र कायम गरिएको छ ।

## चितवनमा थपिए ३४ मतदान केन्द्र

**चितवन (प्रस)**– प्रतिनिधिसभा निर्वाचन २०८२ का लागि जिल्लामा ३४ मतदान केन्द्र थपिएका छन् । प्रतिनिधिसभा निर्वाचन २०७९ मा भन्दा अहिले हुन लागेको निर्वाचनमा मतदाता थपिएसँगै जिल्लामा मतदान केन्द्र थप भएका हुन् । जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीका अनुसार गत निर्वाचनमा जिल्लामा ४६० मतदान केन्द्र रहेकामा आगामी फागुन २१ गते हुने निर्वाचनमा ४९४ केन्द्र कायम गरिएको छ । त्यसमा क्षेत्र नम्बर १ मा १६८, क्षेत्र नम्बर २ मा १५२ र क्षेत्र नम्बर ३ मा १७४ मतदान केन्द्र कायम गरिएको छ ।

उनका अनुसार मतदानस्थल भने थप भएका छैनन् । गत निर्वाचनमा कायम रहेका १६२ मतदानस्थल नै कायम गरी केन्द्र थप गरिएको उनले जानकारी दिए । उनले भने, 'मतदान केन्द्र थपिएका छन्, स्थल भने पहिलाको नै हो ।'

क्षेत्र नम्बर १ मा ५६, क्षेत्र नम्बर २ मा ४३ र क्षेत्र नम्बर ३ मा ६३ मतदानस्थल रहेको उनले जानकारी दिए । यस वर्षको प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा चार लाख ४२ हजार ८२ मतदाता रहेका छन् । प्रतिनिधिसभा निर्वाचन २०७९ मा जिल्लामा चार लाख आठ हजार ३४२ मतदाता रहेका थिए । उनले ३३ हजार ७४० जना मतदाता थपिएको बताए । क्षेत्र नम्बर १ मा एक लाख ४९ हजार ६२१, क्षेत्र नम्बर २ मा एक लाख ३७ हजार १५२ र क्षेत्र नम्बर ३ मा एक लाख ५५ हजार ३०९ मतदाता कायम भएको उनले बताए ।

## गण्डकीमा १८ लाखभन्दा बढी मतदाता कायम

**गण्डकी (प्रस)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशमा कूल १८ लाख ७० हजार ६५ मतदाता कायम भएका छन् । प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसारका सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ मतदाता रहेका छन् । सबैभन्दा कम मनाङमा मतदाता संख्या जम्मा सात हजार छन् ।

स्याङजामा दुई लाख ४८ हजार ८१६, तनहुँमा दुई लाख ५४ हजार ३९७, नवलपुरमा दुई लाख ६८ हजार ५२६, गोखरामा दुई लाख २९ हजार ५८ र बागलुङमा एक लाख ९३ हजार १८१ मतदाता कायम भएका छन् । यस्तै लमजुङमा एक लाख ३७ हजार १२४, पर्वतमा एक लाख २५ हजार ४६६, म्याग्दीमा ८६ हजार ३९७ र मुस्ताङमा ११ हजार ३३८ मतदाता रहेको कार्यालयका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले जानकारी दिए ।

प्रदेशका कूल मतदातामध्ये नौ लाख १४ हजार ५३५ पुरुष, नौ लाख ५५ हजार ५१६ महिला र १४ जना अन्य रहेका उनले बताए । प्रदेशका ११ वटै जिल्लामा एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र कायम गरिएको छ ।

गोरखामा २२५, स्याङजामा १९९, कास्कीमा १५३, तनहुँमा १४४, लमजुङमा १३०, नवलपुरमा ११४, बागलुङमा १०७, म्याग्दीमा ८२, पर्वतमा ७६, मुस्ताङमा ३९ र मनाङमा २८ मतदानस्थल रहेका छन् । २०८२ फागुन २० गतेभित्र १८ वर्ष पुगेकाले मतदान गर्न पाउने जनाइएको छ ।

**जापानमा रोजगार**
कम्पनी : SHO JIN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ LT. No. 336167 चलानी नं. ६०२४९८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trainee/Intern | 0 | 20 | 177168 | १,६३,०६४ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २३ गते (7th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

# दुई मोटरेबल पक्की पुल निर्माणको काम पाँच वर्षदेखि अलपत्र

**गोदावरी (कैलाली)**– कैलालीको गौरीगंगा नगरपालिकामा निर्माणाधीन दुईवटा मोटरेबल पक्की पुल निर्माणको काम पाँच वर्षदेखि अलपत्र परेको छ ।

सुदूरपश्चिम प्रदेश सरकारको बजेटमा निर्माण सुरु गरिएका दुई पुल ठेकेदार कम्पनीको लापरबाहीका कारण पाँच वर्षदेखि अलपत्र परेका हुन् । गौरीगंगा-५ र ८ बालुवाटार जोड्ने कटैनी खोला तथा वडा नम्बर १ र २ जोड्ने चौमाला खोलामा निर्माणाधीन दुईवटा मोटरेबल पक्की पुलको काम अलपत्र परेको हो । २०७७ असार ३१ गते पूर्वाधार विकास कार्यालयले वाइपी कन्स्ट्रक्सन काठमाडौंसँग तीन वर्षमा सम्पन्न गर्ने गरी दुई मोटरेबल पक्की पुल निर्माणका लागि सम्झौता गरेको थियो । कटैनी खोलाको पुलका लागि पाँच करोड २८ लाख रूपैयाँ र चौमाला खोलाको पुल निर्माणका लागि सात करोड २३ लाख ८० हजार रूपैयाँको लागतमा सम्झौता गरिएको थियो ।

ठेकेदार कम्पनीले हालसम्म कटैनी पुलका लागि तीन करोड ८४ लाख रूपैयाँ र चौमाला पुलका लागि दुई करोड ५९ लाख रूपैयाँ भुक्तानी लिइसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । तीन वर्षमा सम्पन्न गर्नुपर्ने भए पनि पाँच वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अघि बढ्न नसेपछि ठेकेदार कम्पनीले म्याद थप्दै आएको जनाइएको छ ।

पूर्वाधार विकास कार्यालयका इञ्जिनियर सूर्यप्रकाश जोशीका अनुसार कटैनी खोलाको पुलका लागि २०८२ साल मंसिरसम्म र चौमाला पुलका लागि २०८३ साल असारसम्म म्याद थपिएको भए पनि हालसम्म निर्माण कार्यले गति लिन सकेको छैन । चौमाला खोलामा निर्माणाधीन पुलको समयावधि बाँकी रहेको भए पनि कटैनी खोलाको पुलको समयावधि मंसिरमा समाप्त भएपछि ठेकेदार कम्पनीले पुनः म्याद थपका लागि पूर्वाधार विकास कार्यालयमा निवेदन दिएको जोशीको भनाइ छ ।

पुल निर्माण नहुँदा वर्षायाममा खोला तर्न स्थानीयवासीले समस्या झेल्दै आउनुपरेको स्थानीय सागर थापाले बताए । खोलामा पानी बढेपछि स्थानीयले काठको अस्थायी पुल बनाएर जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

उक्त दुई पुल नबन्दा वर्षायाममा तीन किलोमिटर वैकल्पिक बाटो प्रयोग गरेर नगरपालिका पुग्नुपर्ने सेवाग्राहीको बाध्यता रहेको थापाले बताए । प्रदेश सरकार र निर्माण कम्पनीको लापरबाहीले पुल अलपत्र पार्ने ठेकेदार कम्पनीलाई कालोसूचीमा राखी कारबाही गर्नुपर्ने स्थानीयको माग छ । *रासस*

## पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तकसेरा, रुकुम (पूर्वी भाग)**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८२/०९/१६)**

पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०८२/०९/१३ गतेको निर्णयानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उप-दफा (२) बमोजिम सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | ठेक्का स्वीकृत भएको फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.कर र एक सहित) | कैफियत |
|---|---|---|---|---|
| EGP/PURMO/SQ/WORKS/BD/2082/83-06 | Construction of Bhume Pooja (Balku) Conservation Center Building at Putha Uttarganga Rural Municipality–11 | Silo Construction Pvt. Ltd., putha uttarganga -11, Rukum-East | रु. ७,७०,१६३/- (अक्षरेपीः सात लाख सत्तरी हजार एक सय तिरसठी रूपैयाँ मात्र) | ३७.०९% घटि |
| EGP/PURMO/SQ/WORKS/MW/2082/83-01 | Construction of Masonry Wall at Shree Janpriya Aa. Bi., Ghumlibang–10 | Silo Construction Pvt. Ltd., putha uttarganga -11, Rukum-East | रु ४,८८,६५१.३०/- (अक्षरेपीः चार लाख अठासी हजार छ सय एकाउन्न रूपैयाँ तीस पैसा मात्र) | ५०.१३% घटि |
| EGP/PURMO/SQ/WORKS/SD/2082/83-04 | Construction of Drain and Steps (Settlement Development) at Padmi, Putha Uttarganga Rural Municipality | Silo Construction Pvt. Ltd., putha uttarganga -11, Rukum-East | रु. ६,०३,१८०.५९/- (अक्षरेपीः छ लाख तीन हजार एक सय अस्सी रूपैयाँ उनान्नब्बे पैसा मात्र) | ३८.४५% घटि |
| EGP/PURMO/NCB/BUIL/WORKS/2082/083-14 | Construction of Ward No. 3 Administrative Office Building at Putha Uttarganga Rural Municipality, Ranma | M/s Gemi Takasera Builders, putha uttarganga -10, Rukum-East | रु ५६,३७,९४५.९३/- (अक्षरेपीः छपन्न लाख सैंतीस हजार नौ सय पैंतालीस रूपैयाँ त्रियान्नब्बे पैसा मात्र) | ३६.५७% घटि |

**प्रमुख प्रशासकीय अधिकृत**

## Phalgunanda Rural Municipality
## Office Of Rural Municipal Executive
**Phaktep, Panchthar**
**Koshi Province, Nepal**

### Invitation for Electronic Bids

**Date of publication: 2082-09-16**

1. The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/NCB/02/2082/083 | Construction of Gelibhanjyang mehelbote Roadway black top works. | 98,89,676.74 | 2,50,000.00 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.106901400250023 (Dharauti Account for Bid Security Amount) |
| PRMG/MT/NCB/02/2082/83 | Supplying and delivery of 7HP Mini Tiller Works | -- | 87,000.00 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) |

2. Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative officer**

# प्रभाव दैनिक

रूपशाला


## 'पहाड भो मलाई' बोलको गीत सार्वजनिक

वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको स्वर र अभिनय रहेको 'पहाड भो मलाई यो उमेर काट्न ...' बोलको गीत सार्वजनिक भएको छ। कवि तथा गीतकार दिनेश अधिकारीको शब्द–रचनाको उक्त गीतमा संगीतकार हरि लम्सालको संगीत रहेको छ। म्युजिक भिडियोको निर्देशन निकेश खड्काले गरेका छन्। टुवेल्भ नोट्सले प्रकाशनमा ल्याएको यो गीतमा आफ्नो प्रिय मान्छेसँग बिछोड हुँदाको अवस्था, परिस्थिति र उसका अनेकन मनोदशालाई उजागर गरिएको छ। गीत र कविताको मिश्रण रहेको त्यस सृजनाले नेपाली गीत/संगीतका स्रोतालाई एउटा फरक स्वाद दिने संगीतकार लम्सालको विश्वास छ।






# 'आ बाट आमा'को शीर्ष गीतमा अभिनय गर्दा ५० हजार !




■ प्रभाव संवाददाता

**काठमाडौं –** फिल्म 'आ बाट आमा'को शीर्ष गीत 'लैजा खबर ए हावा'को कभर गाउने र अभिनय गर्नेले ५० हजार प्राप्त गर्ने भएका छन्। निर्माण टिमले सोमबार उक्त गीतमा कभर सङ र अभिनय प्रतियोगीता घोषणा गरेको हो।

प्रतियोगितामा सहभागी हुन इच्छुकले यो गीतको कभर सङ गाउनुपर्ने छ भने अभिनयमा रुचि हुनेले अभिनय गर्नुपर्ने छ। आ आफ्नो विद्यामा भिडियो निर्माण गरेर माघ १२ गतेभित्र टिकटकमा अपलोड गरेको हुनुपर्ने छ। सो मितिसम्म अपलोड भएका भिडियोहरूलाई मात्र प्रतिस्पर्धामा समावेश गरिने निर्माण पक्षले जनाएको छ।

उत्कृष्ट अभिनयसहितको भिडियो चयन गरी माघ १४ गते विजेतालाई ५० हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिने निर्देशक चन्द्र पन्तले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा सहभागी हुनेले भिडियो अपलोड गर्दा ओएसआर डिजिटलको टिकटक अकाउन्ट मेन्सन गर्नुपर्नेछ।

आर्य इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको चलचित्र 'आ बाट आमा'को उक्त गीत यतिबेला सामाजिक सञ्जालमा चर्चामा छ। निर्देशक पन्तकै कथा तथा पटकथामा बनेको यस फिल्ममा विपना थापा, पल शाह, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित बिष्ट र बेगम नेपालीलगायत कलाकारको मुख्य भूमिका रहेको छ।

फिल्मको संगीत कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमले दिएका छन्। कोरियोग्राफी गंभीर बिष्ट र दिलिप ओखेडाको रहेको छ भने छायांकन डीओपी नवराज उप्रेतीले गरेका छन्।

अभिमन्यू निरवीद्वारा लिखित संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन्। फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाको लगानी रहेको छ भने करण सिंह रसाली कार्यकारी निर्माता रहेका छन्। नेपालमा चलचित्रको प्रदर्शन अधिकार आरआर फिल्म्सले लिएको छ भने डिजिटल अधिकार ओएसआर डिजिटलको हातमा रहेको छ। फिल्म आगामी माघ १६ गतेबाट प्रदर्शनमा आउँदैछ।

# 'डिजिटाइजेसन'का लागि बोर्डले माग्यो आवेदन

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'सेल्युलाइड' प्रविधिमा निर्माण भएका पुराना नेपाली चलचित्रलाई नयाँ प्रविधिअनुसार डिजिटल स्वरूपमा रूपान्तरण गर्न चलचित्र विकास बोर्डले प्रक्रिया अघि बढाएको छ। स्वदेशी चलचित्रको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले बोर्डले 'डिजिटाइजेसन' कार्यका लागि इच्छुक निर्माता वा अधिकार प्राप्त व्यक्तिहरूबाट आवेदन आह्वान गरेको छ।

बोर्डले सूचना जारी गर्दै उक्त प्रक्रियामा सहभागी हुन चाहनेले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र आवेदन दिन आग्रह गरेको हो। बोर्डका अनुसार 'डिजिटल' स्वरूपमा रूपान्तरण भएपछि पुराना चलचित्रको गुणस्तर सुधार हुनुका साथै ती चलचित्रलाई दीर्घकालीन रूपमा सुरक्षित राख्न सहज हुनेछ।

यसअगाडि बोर्डले 'सेल्युलाइड' प्रविधिमा रहेको 'आमा', 'के घर के डेरा', 'बदलिँदो आकाश', 'जीवनरेखा', 'सिन्दूर', 'कुमारी', 'मनको बाँध', 'परिवर्तन', 'हिजोआज भोलि', 'शान्तिदीप' लगायतका केही चलचित्रहरू 'डिजिटाइजेसन' गरिसकेको छ। ती चलचित्रमा अंग्रेजी भाषामा 'सबटाइटल' पनि राखिएका छन्।

यस्तै, बोर्डले हाल चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण पनि सार्वजनिक गरेको छ। बोर्ड बोर्डअन्तर्गत रहेको 'सिनेपा २ बक्सअफिस' मा पुस १२ गतेसम्म रहेको तथ्यांकअनुसार मङ्सिर र पुसमा प्रदर्शन भएका चलचित्रको व्यापार सुखद छैन।




गत मङ्सिर १२ गतेदेखि प्रदर्शन भएको नेपाली चलचित्र 'हर्ष' ले गत पुस १२ गतेसम्म रु २८ लाख ७८ हजार ८३६ मात्र कमाइ गरेको छ। एकता पौडेलले निर्देशन गरेको चलचित्र 'हर्ष' का लागि जम्मा आठ हजार ८६८ वटा टिकट बिक्री भएका छन्। उक्त चलचित्रमा खगेन्द्र लामिछाने, सन्तोष पन्त, नीर शाह, वर्षा राउतलगायत कलाकारले अभिनय गरेका छन्।

मङ्सिर १८ गतेदेखि प्रदर्शन भएको चलचित्र 'अभिमन्यू : च्याप्टर १' ले सोही अवधिसम्म रु २१ लाख ५० हजार ४०२ कमाइ गरेको छ। सुशान्त गौतमले निर्देशन गरेको उक्त चलचित्रको छ हजार ८६१ वटा टिकट बिक्री भएका छन्।

चलचित्रमा कामेश्वर चौरासिया, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, सरिता गिरीलगायतका कलाकारले अभिनय गरेका छन्। 'पूर्णबहादुरको सारंगी' जस्तो ऐतिहासिक सफल चलचित्र निर्माण गरेका निर्माता विनोद पौडेलले निर्माण गरेको दोस्रो चलचित्र व्यावसायिक रूपमा असफल देखिएको छ।

मङ्सिर २६ गतेदेखि प्रदर्शन भएको चलचित्र 'पीआर' ले सोही अवधिमा रु छ लाख ७५ हजार ३३ कमाइ गरेको छ। उक्त चलचित्रको कूल दुई हजार १४१ वटा टिकट बिक्री भएका छन्। शोभित बस्नेतले निर्देशन गरेको उक्त चलचित्रमा सुरज पौडेल, विनिता कार्की, नीर शाह, गौरी मल्ललगायत कलाकारले अभिनय गरेका छन्।

मङ्सिर २६ मा प्रदर्शन भएको चलचित्र 'लोकन्ती' ले रु चार लाख १२ हजार ५४० र 'चिराग' ले रु ६८ हजार ४५० कमाइ गरेको तथ्यांक 'सिनेपा २ बक्सअफिस' मा उल्लेख छ। उल्लेखित कमाइ गएको पुस १२ गते बेलुकी ११:५९ मिनेटसम्म नेपालभर भएको हो।

यही पुस ४ गतेदेखि नेपालभर प्रदर्शन भएको चलचित्र 'झरीपछिको इन्द्रेणी'ले पनि घरेलु बक्सअफिसमा उत्साहजनक कमाइ गर्न सकेको छैन। हाँस्य कलाकार अर्जुन घिमिरे 'पाँडे'ले निर्देशन गरेको उक्त चलचित्रले सोही अवधिमा रु ६२ लाख ६९ हजार ४७५ कमाइ गरेको छ। उक्त चलचित्रको कूल १९ हजार ७९३ वटा टिकट बिक्री भएका छन्।

भ्रष्टाचार र बेथितिविरुद्धको आवाज चलचित्रमा उठाउन प्रयास गरिएको उक्त चलचित्रमा अभिनेता गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, विमोचन दवाडी, जेसिका पोखरेल, प्रियना आचार्य (मुन्नी), अंशु महर्जन, राजेन्द्र नेपालीलगायतका कलाकारले अभिनय गरेका छन्।

हाल प्रदर्शनरत चलचित्रमध्ये गत कात्तिक १४ गतेदेखि प्रदर्शन सुरू भएको 'परान' ले रु १७ करोड ६७ लाख ३६ हजार ८२८ कमाइ गरेको छ। दीपकप्रसाद आचार्यले निर्देशन गरेको उक्त चलचित्रले प्रदर्शनको ५१ औं दिन पूरा गर्दा गएको शनिबारसम्म छ लाख २७ हजार ५८५ वटा टिकट बिक्री भएका छन्। उक्त चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, केकी अधिकारी, महेश त्रिपाठी, सुब्रत आचार्यलगायतले अभिनय गरेका छन्।

चलचित्र विकास बोर्डले पछिल्लो केही महिनादेखि नेपालमा प्रदर्शन भएका स्वदेशी र विदेशी चलचित्रको व्यावसायिक विवरण सार्वजनिक हरेक सोमबार गर्ने गरेको छ।



नवौं एनभिए भलिबल

# समूह 'ए' को विजेता बन्यो न्यु डाइमन्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तिम खेलमा एभरेस्ट भलिबल क्लबलाई पराजित गर्दै न्यु डाइमन्ड नवौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत समूह 'ए' को विजेता बनेको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा मंगलबार सम्पन्न समूह 'ए'को खेलमा एभरेस्ट भलिबल क्लबलाई न्यु डाइमन्डले ३-० को सोझो सेटमा पराजित गरेको हो।

जितसँगै न्यु डाइमन्डले ३ खेलबाट ९ अंक पुऱ्यायो। यसअघि न्यु डाइमन्डले त्रिभुवन आर्मी र चुलदी युवा क्लबलाई पराजित गरेको थियो। एभरेस्टको भने यो लगातार दोस्रो हार हो। यसअघि एभरेस्ट आर्मीसँग पराजित भएको थियो। अब एभरेस्टले सान्त्वना जितका लागि चुलीसँग खेल्नेछ। यो समूहबाट आर्मी यसअघि नै सेमिफाइनलमा पुगिसकेको छ। न्यु डाइमन्डलाई पहिलो सेटमा



एभरेस्टले कडा चुनौती दिएको थियो। तर, उक्त सेट २५-२१ ले हार्न पुग्य। अन्य सेटमा भने न्यु डाइमन्ड हाबी रह्यो। न्यु डाइमन्डले त्यसपछिका दुई सेट २५-१५ र २५-१४ ले जित्यो।

# पोखरा 'ओपन तथा भेट्रान्स' राष्ट्रिय टेनिसमा शिवाली च्याम्पियन

**कास्की (प्रस)–** पोखरामा जारी २२औं संस्करणको 'माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स' राष्ट्रिय टेनिस प्रतियोगितामा महिलातर्फ शिवाली गुरुङ च्याम्पियन बनेकी छन्। पोखरा रंग्शालास्थित टेनिस कम्प्लेक्समा मंगलबार सम्पन्न एकलतर्फको फाइनल प्रतिस्पर्धामा शिवालीले नेपाल शीर्ष वरियताकी सुनिरा थापालाई ६-३, ६-२ को सेटमा पराजित गर्दै उपाधि जितेकी हुन्।

च्याम्पियन शिवालीले नगद रु ८० हजारसहित ट्रफी र मेडल पुरस्कार प्राप्त गर्दा सुनिराले रु ४० हजार र ट्रफी पाइन्। शिवालीले दुई साता अघि पोखरामामनै सम्पन्न आइटिएफ वर्ल्ड टेनिस टुर सर्किट १ र २ दुवैको उपाधि जितेकी थिइन्। यसैगरी 'मेन्स सिङ्गल्स'तर्फ नेपाल नम्बर १ खेलाडी प्रदीप खड्काको यात्रा सेमिफाइनलमै सीमित बनेको छ। आयुष्मान हजुर घलेले खड्कालाई २-१ को सेटमा पाखा लगाउँदै फाइनल प्रवेश गर्न सफल भए। पहिलो सेट २-६ ले आफ्नो पक्षमा पारेका प्रदीपले दोस्रो र तेस्रो सेट क्रमश ६-४, ६-२ ले गुमाए।

अर्को सेमिफाइनलमा करनबहादुर थापाले राजवीर प्रधानलाई ६-३, ६-२ को सोझो सेटमा पराजित गरे। योसँगै प्रतियोगिताको मुख्य इभेण्ट 'मेन्स सिंगल'को उपाधिका लागि आयुषमान र करणबीच प्रतिस्पर्धा हुनेछ। फाइनल खेल बुधबार हुने प्रतियोगिता संयोजक नवीन चालिसेले जानकारी दिए। यसैगरी ५५ वर्ष भन्दामाथिको पुरुष एकलतर्फ चन्द्र शाही प्रथम भए। उनले जीवन घिमिरेलाई ६-०, ६-४ ले पराजित गर्दै उपाधि रक्षा गरे। ४५ वर्षमाथि पुरुष एकलमा कमल भण्डारीले फाइनलमा देव क्षेत्रीलाई ६-२, ६-० को सोझो सेटमा हराउँदै उपाधि जिते।


**Sunawarshi Municipality**

**Office Of The Municiple Executive**

**Dainiya, Morang**

**Koshi Province**

**Invitation For Bid**

**Published date: 2082/09/16 (2025/12/31)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites hand bids from eligible bidder for the procurement of the following works and goods under sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & Ps) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/SQ/ NEA/082/83-01 | Sadak batti tar kharid gari jadan | 16,37,751.85/-(Works) | 40,000 /- | 1000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang By hard copy from Office of sunawarshi Minicipality, Dianiya, Morang. Bidders, submitting their bid as hand copy, should deposit the cost (non-refundable fee of Nrs 1000/- on or Before 2082/09/30 during office hours.) of bidding docuzment in the Project's Dharauti Kosh Khata account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of hard copy submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality as hardcopy on before 12:00 noon on 2082/10/02. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Magh, 02, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

# बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री खालिदा जियाको निधन



**ढाका–** बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री तथा बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी) की अध्यक्ष बेगम खालिदा जियाको ८० वर्षको उमेरमा मंगलबार बिहान निधन भएको छ। पार्टीले जारी गरेको विज्ञप्तिमा उनको निधन फजरको प्रार्थनापछि मंगलबार बिहान ६ बजे भएको जनाइएको छ। वर्षौंदेखि कमजोर स्वास्थ्य, लामो कारावास र राजनीतिक उतारचढावबीच पनि सक्रिय राजनीतिमा रहेएकी जियाको निधनले बंगलादेशी राजनीतिमा गहिरो शून्यता सिर्जना गरेको छ।

खराब स्वास्थ्य अवस्थाका बाबजुद पनि जियाले आगामी फेब्रुअरी २०२६ मा तय गरिएको आमनिर्वाचनमा सक्रियरूपमा सहभागी हुने प्रतिबद्धता व्यक्त गरेकी थिइन्। उक्त निर्वाचन गत वर्ष दीर्घकालीन प्रतिद्वन्द्वी शेख हसिनाको सरकार जनविद्रोहपछि पतन भएपछिको पहिलो आमचुनाव हो। बिएनपीलाई यस निर्वाचनमा प्रमुख अग्रपंक्तिको दलका रूपमा हेरिएको थियो र धेरैले जियाको नेतृत्वमै पार्टी चुनाव जित्ने विश्वास गरेका थिए।

बिएनपीका अनुसार नोभेम्बरको अन्त्यतिर उनको स्वास्थ्य अचानक बिग्रिएपछि ढाकाको एक अस्पतालमा भर्ना गरिएको थियो। चिकित्सकहरूले हरसम्भव प्रयास गरे पनि दीर्घकालीन स्वास्थ्य समस्याका कारण उनको अवस्था क्रमशः गम्भीर बन्दै गएको थियो। यद्यपि, निधन हुनुभन्दा केही घण्टाअघि सोमबार पार्टी कार्यकर्ताहरूले तीनवटा निर्वाचन क्षेत्रबाट उनकै नाममा उम्मेदवारी दर्ता गराएका थिए, जसले उनको राजनीतिक इच्छाशक्ति अन्तिम क्षणसम्म पनि बलियो रहेको देखाएको थियो।

उनको निधनको खबर फैलिएसँगै, चिसो वर्षाको बीच पनि मंगलबार बिहान ढाकास्थित अस्पताल बाहिर हजारौं शोकाकुल समर्थकहरू भेला भएका थिए। बिएनपीका वरिष्ठ नेता रुहुल कबिर रिजवीले यस घटनालाई 'राष्ट्रका लागि अपूरणीय क्षति' भन्दै गहिरो दुःख व्यक्त गरे। पार्टीका युवा समर्थक गोलम किब्रियाले जियाले विलासिताको जीवनभन्दा जेल रोजेर वर्षौं कठिन अवस्था भोग्नुभएको उल्लेख गर्दै उनलाई 'कहिल्यै प्रतिस्थापन गर्न नसकिने अतुलनीय नेता' को संज्ञा दिए।

जियाको अन्तिम दिनहरूमा देशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसले पनि राष्ट्रलाई उनको स्वास्थ्यलाभ र पछि आत्मशान्तिका लागि प्रार्थना गर्न आह्वान गरेका थिए। उनले जियालाई 'अत्यन्त प्रेरणादायी व्यक्तित्व' भन्दै राष्ट्रले 'एक महान अभिभावक गुमाएको' टिप्पणी गरे। युनुसका अनुसार उनको दृढ नेतृत्वले पटक-पटक देशलाई अलोकतान्त्रिक अवस्थाबाट बाहिर ल्याउन सहयोग गरेको थियो र जनतालाई स्वतन्त्रताको मूल्य बुझ्न प्रेरित गरेको थियो।

तीनपटक प्रधानमन्त्री रहेकी जियालाई सन् २०१८ मा तत्कालीन हसिना सरकारका पालामा भ्रष्टाचारको आरोपमा जेल सजाय सुनाइएको थियो। सोही कारणले उपचारका लागि विदेश जानसमेत उनलाई रोक लगाइएको थियो। हसिना सत्ताच्युत भएपछि गत वर्ष उनी रिहा भइन्। यस महिनाको सुरुतिर विशेष एयर एम्बुलेन्समार्फत लण्डन लैजाने तयारी भए पनि स्वास्थ्य स्थिर नहुँदा योजना कार्यान्वयन हुन सकेन।

उनका जेठा छोरा तारिक रहमान अब फेब्रुअरी १२ मा हुने आमचुनावमा बिएनपीको नेतृत्व गर्ने अपेक्षा गरिएको छ। उनी १७ वर्षको निर्वासनपछि केही दिनअघि मात्र स्वदेश फर्किएका थिए। पार्टीले बहुमत हासिल गरेमा उनलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारिने व्यापक अनुमान गरिएको छ। बंगलादेशका प्रमुख सञ्चारमाध्यमहरूले जियाको निधनको समयमा उनका छोरा रहमान र परिवारका अन्य सदस्यहरू उनकै साथमा रहेको जनाएका छन्।

एक राष्ट्रिय दैनिकले उनलाई 'दृढ नेता' का रूपमा स्मरण गर्दै लेखेको छ, 'राजनीतिज्ञहरूको जीवन उत्थान र पतनले भरिएको हुन्छ, जहाँ कानुनी मुद्दा, गिरफ्तारी, कारावास, उत्पीडन र आक्रमण असामान्य हुँदैनन्। बेगम खालिदा जियाले यस्ता सबै कठोर परीक्षाहरू चरम सीमासम्म सहनुभयो। उहाँको जीवन संघर्ष, अडान र राजनीतिक प्रतिबद्धताको प्रतीकका रूपमा बंगलादेशी इतिहासमा सधैं स्मरणीय रहने छ।' *रासस/एएफपी*

## हसिनाद्वारा शोक व्यक्त

**ढाका–** बंगलादेश अवामी लिगकी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री शेख हसिनाले मंगलबार बंगलादेशकी पूर्वप्रधानमन्त्री एवं बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी) की अध्यक्ष बेगम खालिदा जियाको निधनप्रति गहिरो शोक व्यक्त गरेकी छन्।

अवामी लिगको आधिकारिक पोस्टमार्फत जारी गरिएको शोक सन्देशमा हसिनाले भनेकी छन्, 'म बिएनपीकी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाको निधनमा गहिरो समवेदना प्रकट गर्दछु। बंगलादेशको पहिलो महिला प्रधानमन्त्रीका रूपमा तथा लोकतन्त्र स्थापनाको संघर्षमा उहाँले निर्वाह गर्नुभएको भूमिकाका कारण राष्ट्रका लागि उहाँको योगदान महत्त्वपूर्ण थियो र सधैँ स्मरण गरिने छ। उहाँको निधनले बंगलादेशको राजनीतिक जीवन र बंगलादेश नेसनालिस्ट पार्टीको नेतृत्वमा गहिरो क्षति पुगेको छ।'

हसिनाले दिवंगत नेत्रीको आत्माको चिरस्थायी शान्ति र क्षमाका लागि प्रार्थना गर्दै उनका छोरा तारिक रहमान, शोकाकुल परिवारका सदस्यहरू तथा सम्पूर्ण बिएनपी परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेकी छन्। साथै, उनले सर्वशक्तिमान अल्लाहसँग यस कठिन समयमा परिवारजन र समर्थकहरूलाई धैर्य, शक्ति र सान्त्वना प्रदान गरिदिन प्रार्थना गरेकी छन्।

बेगम खालिदा जियाको मंगलबार बिहान ८० वर्षको उमेरमा राजधानी ढाकास्थित एभरकेयर अस्पतालमा उपचारका क्रममा निधन भएको हो। बिएनपीका अनुसार फोक्सोको संक्रमणका कारण नोभेम्बर २३ मा बेगम जियालाई एभरकेयर अस्पतालमा भर्ना गरिएको थियो। उनी लामो समयदेखि हृदयरोग, मधुमेह, गठिया, लिभर सिरोसिस र मिर्गौलासम्बन्धी जटिलतासहित विभिन्न दीर्घरोगबाट पीडित रहँदै आएकी थिइन्। यस महिनाको सुरुतिर उन्नत उपचारका लागि उनलाई लण्डन पठाइएको थियो, तर स्वास्थ्य अवस्था सुधार हुन नसकेपछि पुनः ढाकामै उपचार जारी रह्यो।

यसैबीच, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि बंगलादेशकी पूर्वप्रधानमन्त्रीको निधनमा शोक व्यक्त गरेका छन्। सामाजिक सञ्जालमार्फत जारी सन्देशमा प्रधानमन्त्री मोदीले बंगलादेशकी पहिलो महिला प्रधानमन्त्रीका रूपमा खालिदा जियाले देशको विकास र भारत-बंगलादेश सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरेका छन्।

प्रधानमन्त्री मोदीले सन् २०१५ मा ढाकामा उनीसँग भएको न्यानो भेटको सम्झना गर्दै भनेका छन्, 'बंगलादेशको पहिलो महिला प्रधानमन्त्रीका रूपमा उहाँको योगदान सधैँ स्मरणीय रहने छ। उहाँको दर्शन र विरासतले भारत-बंगलादेश साझेदारीलाई भविष्यमा पनि मार्गदर्शन गरिरहने छ।' साथै, उनले दिवंगत नेत्रीको आत्माको शान्तिका लागि प्रार्थना गरेका छन्। *रासस/एएनआई*



भारतको दिल्लीस्थित पुरानो क्वार्टरको बजारमा तरकारी किनबेच हुँदै। *तस्बिरः एएफपी*

# सन् २०२५: अत्यन्त तातो वर्ष

**डेट्रोइट (संयुक्त राज्य अमेरिका)–** वैज्ञानिकहरूका अनुसार सन् २०२५ मानव गतिविधिबाट प्रेरित जलवायु परिवर्तनका कारण इतिहासकै सबैभन्दा तातो तीन वर्षमध्ये एक बनेको छ। यस वर्षले पहिलोपटक तीन वर्षको औसत तापक्रमका आधारमा पूर्वऔद्योगिककालको तुलनामा तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा तल राख्ने सन् २०१५ को पेरिस सम्झौतामा तोकिएको सीमा पार गरेको हो। विज्ञहरूका अनुसार उक्त सीमा नाघ्दा मानव जीवन, पारिस्थितिकी र विश्वव्यापी वातावरणमा गम्भीर जोखिम बढ्ने गर्दछ।

युरोपमा मंगलबार सार्वजनिक गरिएको वर्ल्ड वेदर एट्रिब्युसन (डब्लुडब्लुए) का अनुसन्धानकर्ताहरूको विश्लेषणले सन् २०२५ लाई खतरनाक चरम मौसमले भरिएको वर्षका रूपमा चित्रित गरेको छ। प्रशान्त महासागरमा ला निनाजस्तो प्राकृतिक चिसोपनको अवस्था हुँदाहुँदै पनि विश्वव्यापी तापक्रम उच्च रहनुमा तेल, ग्यास र कोइलाजस्ता जीवाश्म इन्धनको निरन्तर दहन प्रमुख कारण भएको वैज्ञानिकहरूको निष्कर्ष छ। इम्पेरियल कलेज लण्डनका जलवायु वैज्ञानिक तथा डब्लुडब्लुएका सहसंस्थापक फ्रेडेरिक ओटोका अनुसार जीवाश्म इन्धन छिटो र व्यापकरूपमा प्रयोग गर्न रोक्न नसके १.५ डिग्रीको लक्ष्य जोगाउन अत्यन्त कठिन हुने छ।

डब्लुडब्लुएले सन् २०२५ मा विश्वभर देखिएका १५७ चरम मौसम घटनालाई गम्भीर श्रेणीमा राखेको छ, जसमा ठूलो मानवीय क्षति, व्यापक जनसंख्यामा प्रभाव वा आपत्काल घोषणा गरिएको अवस्था समावेश छन्। तीमध्ये केही घटनाको विस्तृत अध्ययनले तातो लहरहरू यस वर्षका सबैभन्दा घातक विपद् बनेको र यस्ता घटना जलवायु परिवर्तनका कारण विगतको तुलनामा धेरै गुणा बढी सम्भावित भएको देखाएका छन्। ओटोका अनुसार मानव प्रेरित जलवायु परिवर्तन नभएको भए यस्ता तातो लहरहरू प्रायः असम्भव हुने थिए।

यस वर्ष ग्रिस र टर्कीमा लामो खडेरीले डढेलोलाई उक्सायो भने मेक्सिकोमा भारी वर्षा र बाढीले धेरैको ज्यान गयो। फिलिपिन्समा सुपर टाइफुन फङ-वोङका कारण १० लाखभन्दा बढी मानिस विस्थापित भए भने भारतमा मनसुनका कारण बाढी र भूस्खलनले जनजीवन प्रभावित भयो। वैज्ञानिकहरूले यस्ता तीव्र र जटिल विपद्ले धेरै देशको अनुकूलन क्षमतामाथि गम्भीर दबाब सिर्जना गरेको चेतावनी दिएका छन्। यसैबीच, ब्राजिलमा सम्पन्न संयुक्त राष्ट्रसंघीय जलवायु वार्ता जीवाश्म इन्धनबाट टाढा सर्ने स्पष्ट योजनाविना सकिएको छ। यद्यपि, जलवायु अनुकूलनका लागि थप सहयोगको प्रतिबद्धता व्यक्त गरिए पनि कार्यान्वयनमा ढिलाइ हुने देखिएको छ। *रासस/एपी*


स्थानीय सरकार
बागमती गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०९/१६ (31th Dec. 2025)**

बागमती गाउँ कार्यपालिका कार्यालयको मिति २०८२/०८/०२ गते प्रथम पटक नेपाल समाचार राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए अनुसार सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७(१) प्रयोजनार्थ बमोजिम स्वीकृतार्थ यो आशयको सूचना सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित रकम (VAT & PS सहित ) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BRM/NCB/WORKS/001/2082/083 | Construction of Slab Culvert & Approach Slab at bagmati-07, Makwanpur. | Sunak Construction & Suppliers Pvt. Ltd., Thoka-08, Kathmandu. | १४,४०,७३०।९९ | |
| २. | BRM/NCB/WORKS/002/2082/083 | Construction of P CC Road at bagmati-08 | SLS Construction Pvt. Ltd., Bagmati-07, Makwanpur | १५,७९,१४३।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Roshi Rural Municipality**
**Roshi-07, Kavre Bagmati Province, Nepal**

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication: 2082/09/16**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal, Bidders can only bid electronically for further details bidders are Requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name Of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Narayantaar Basti Bikas Karyakram Antargat Purvaadhar Staronnati Karya | RRM/NBBS/W/NCB/10-2082/83 | 24,25,042.67 | 63,000.00 | 3000 |
| Shree Om aadhyamahasati Goraxyakalikabala Aadhyatmik Yogpith Nepalko sathai shree om Goraxyakalikabala shree bhairabpatra devta shree patradevta siddhaakhandadhuni bhawan punanirman karya | RRM/GAYN/W/NCB/12-2082/83 | 38,82,520.95 | 1,00,000.00 | 3000 |

**Chief Administration Officer**



**बुङ्गल नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय,**
**खिरातडी, बझाङ्ग**
**सुरदुरपश्चिम प्रदेश, नेपाल**

**शिलबन्दी आव्हान सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/१६

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०८२/०८३ मा यस नगरपालिका भित्र तपसिल बमोजिमको शिलबन्दी आव्हान गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ। साथै शिलबन्दी सम्बन्धी विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न अनुरोध गरिन्छ।

| सि.नं. | शिलबन्दी नं. | शिलबन्दीको विवरण | लागत अनुमान मु.अ.कर बाहेक (रु.) | शिलबन्दी दस्तुर (रु.) | बैंक जमानत (रु.) |
|---|---|---|---|---|---|
| १ | BM-SQ/G-01-082/83 | Procurement of Supploy and Delivery of Veterinary Medicines | 13,00,000.00 | 1000.00 | 33000.00 |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६२१०० | प्रति तोला – ० | प्रति तोला – ४५९० |



**जगदुल्ला ताल** | डोल्पाको जगदुल्ला गाउँपालिका-१ स्थित हिमालको काखमा रहेको जगदुल्ला ताल । तालमा तीर्थ व्रतका लागि सयौँ स्थानीयबासीहरू यहाँ आउने गर्दछन् । *तस्बिर: हेमन्त केसी/रासस*

# वित्तीय सुशासनका लागि अनिवार्य विद्युतीय भुक्तानी : अर्थमन्त्री खनाल

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)** – अर्थमन्त्री रामेश्वरप्रसाद खनालले वित्तीय सुशासन कायम गर्नका लागि सरकारले सबै भुक्तानी विद्युतीय प्रणालीबाट हुने व्यवस्थालाई अनिवार्य गरेको बताएका छन् ।

पूर्वयोजनाकार मञ्च नेपालले ललितपुरमा आयोजना गरेको 'पुनःनिर्माण र आर्थिक पुनरुत्थानको लागि वित्तीय सुधार र बजेट प्राथमिकता' सम्बन्धी उच्चस्तरीय नीति संवादमा उनले विद्युतीय भुक्तानीले बिल बोकेर धाउनुपर्ने अवस्थाको अन्त्य गर्ने विश्वास व्यक्त गरे । 'आन्तरिक राजस्व कार्यालयमा अनलाइन प्रणाली सहज बनाएका छौँ, कर प्रणालीलाई स्थानीय तहसँग जोड्न लागिपरेका छौँ, पुनरुत्थानका लागि सहजीकरण गर्न राष्ट्र बैंकसँग निरन्तर समन्वय र सहकार्यमा छौँ,' मन्त्री खनालले भने । आर्थिक सुधारका पक्षमा मात्रै सोचेर काम गर्दा निर्वाचनमा समस्या आउँछ कि भन्ने विषयमा सरकार सचेत रहेको उनको भनाइ छ ।

अर्थमन्त्री खनालले पुनःनिर्माणका सन्दर्भमा संघीय, प्रदेश र स्थानीय सरकारको लागि रु ३० अर्बभन्दा बढी दिन पुग्नेगरी जगेडामा राखेको जानकारी दिए ।

अर्थशास्त्री प्राध्यापक डा. कुसुम शाक्यले कोरोनाको अवधि र जेनजेड पछिको आर्थिक पुनरुत्थानको लागि कसरी काम गर्ने भन्ने विषयमा लक्ष्य केन्द्रीत हुनुपर्नेमा जोड दिए । उनले जेडजेड आन्दोलनपछिको राजनीतिक परिवर्तनले अर्थतन्त्रमा ठूलो प्रभाव पारेको उल्लेख गरे ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवं प्राध्यापक डा गोविन्दराज पोखरेलले विकास प्रक्रियाको महत्त्वपूर्ण पाटो कर्मचारीतन्त्र भएकाले त्यसलाई व्यवस्थापन गर्दै आर्थिक सुशासनमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा दिल्लीराज खनालले नेपालको वित्तीय प्रणालीमा रहेका कमजोरी र सुधार गर्नुपर्ने विषयमा केन्द्रीत रहेर कार्यपत्र प्रस्तुत गरेका थिए ।

उद्योग व्यापार महासंघ जिल्ला अधिवेशन

# 'सुशासनको अभावका कारण लगानीको वातावरण बिग्रियो'

■ प्रभाव संवाददाता

**ललितपुर–** ललितपुरको महालक्ष्मीस्थान मंगलबार राजनीतिक बहस र चिन्तनको केन्द्र बन्यो । नेपाल उद्योग व्यापार महासंघ ललितपुर जिल्लाको दोस्रो जिल्ला अधिवेशनमा बोल्दै नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय अध्यक्ष खिमलाल भण्डारीले मुलुकमा सुशासनको अभावकै कारण व्यापार र लगानीको वातावरण बिग्रिएको गुनासो गरे । राज्यले व्यवसायमैत्री नीतिगत व्यवस्था गर्न नसकेको भन्दै महासंघले साना व्यवसायीको हितमा निरन्तर आवाज उठाउँदै आएको उनको भनाइ थियो ।

महासंघ बागमती प्रदेशका महासचिव सन्तोष पौडेलले २०७९ असार ३० गते काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई संस्था क्रियाशील रहेको जानकारी दिए । संस्थागत विकासमार्फत साना व्यवसायीका समस्या समाधान र उत्पादनसँग जोडिएको समाजोन्मुख अर्थतन्त्र निर्माणमा महासंघ सक्रिय रहेको उनले बताए । ललितपुर जिल्ला अध्यक्ष राज घिमिरेले महासंघलाई साना तथा मझौला व्यवसायीको वास्तविक हित प्रतिनिधित्व गर्ने संस्थाका रूपमा सुदृढ बनाउँदै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी अधिवेशनमा बोल्दै पूर्वमन्त्री तथा नेकपाकी नेतृ पम्फा भुसालले फागुन २१ गते



हुने निर्वाचनलाई संविधान र राष्ट्रियताको रक्षा गर्ने निर्णायक विकल्पका रूपमा चित्रण गरिन् ।

उनका अनुसार पछिल्लो समय देशले भोगिरहेको राजनीतिक अस्थिरता, विध्वंसात्मक गतिविधि र त्यसले निम्त्याएको राष्ट्रिय संकटको समाधान लोकतान्त्रिक अभ्यास निर्वाचनमार्फत मात्रै सम्भव छ । भुसालले जेन-जेड आन्दोलनका क्रममा ६ दर्जनभन्दा बढी नागरिकले ज्यान गुमाउनुपरेको स्मरण गराउँदै भदौ २४ गते भएको घटनालाई योजनाबद्ध विध्वंसको संज्ञा दिइन् । राज्यलाई मात्रै ८४ अर्ब रूपैयाँभन्दा बढी क्षति पुगेको उल्लेख गर्दै उनले राजनीतिक दलका कार्यालय, निजी घर र व्यवसायमा भएको क्षतिको लेखाजोखा अझै बाँकी रहेको बताइन् ।

उनको बुझाइमा उक्त घटनाहरू कुनै स्वस्फूर्त देशभक्त आन्दोलन नभई लामो तयारीसहित गरिएको राजनीतिक षड्यन्त्र थियो । 'यस्ता संकटबाट मुलुकलाई बाहिर निकाल्ने एकमात्र विकल्प फागुन २१ को निर्वाचन हो,' भुसालको जोड थियो ।

इतिहासका ठूला राजनीतिक परिवर्तनको नेतृत्व गरेका दलहरूलाई 'खतम' भइसकेको भ्रम समाजमा फैलाइएको भन्दै भुसालले चिन्ता व्यक्त गरिन्। उमेरले मात्रै नयाँ हुँदैमा दीर्घकालीन दृष्टि, विचार र ऐतिहासिक विरासत नबोक्ने शक्तिबाट आमूल परिवर्तन सम्भव नहुने उनको तर्क थियो । सूचना प्रविधिको दुरूपयोगबाट भ्रमलाई सत्यझैं प्रस्तुत गर्ने प्रवृत्तिले राजनीतिमा थप चुनौती सिर्जना गरेको उनको भनाइ थियो ।

'विचार र सिद्धान्तविहीन लोकप्रियताले राजनीति कब्जा गर्ने खतरा बढेको छ,' उनले भनिन्, 'प्रविधि सही सूचनाको माध्यम पनि बन्न सक्छ, यदि हामीले भ्रम चिर्दै सत्यलाई जनतासम्म पुऱ्याउन सक्यौं भने मात्रै उपलब्धि सम्भव हुन्छ ।'

उनले देशका सबैभन्दा ठूला पूँजीपति वर्गका व्यक्तिहरू 'रास्वपा'को समानुपातिक सूचीमा समेटिएको तथ्य उल्लेख गर्दै त्यस्ता शक्तिहरूले साना तथा मझौला वर्गको हित प्रतिनिधित्व गर्न नसक्ने दाबी गरिन् । राष्ट्रिय स्वतन्त्रता र स्वाधीनताको वास्तविक मालिक नेपाली जनता भएको उल्लेख गर्दै भुसालले विगतमा पछाडि पारिएका समुदायलाई नीतिगत रूपमा मूलधारमा ल्याउने काम गरिएको स्मरण गराइन् । तर जनताको सार्वभौमसत्ताबाट बनेको संविधान संकटमा परेको उनको निष्कर्ष थियो ।

साना तथा मझौला उद्यमीको पेशागत समस्या समाधानका लागि सामूहिक सौदाबाजी र जिल्लाको विशिष्टताअनुसार योजना निर्माण गर्न सक्ने गतिशील नेतृत्व आवश्यक रहेको उनको आग्रह थियो ।

कार्यक्रममा नेकपाका केन्द्रीय महाधिवेशन आयोजक कमिटी सदस्य हरि दाहाल (ललित)ले साना व्यापारीहरू एकजुट हुँदा व्यवसाय सञ्चालनका क्रममा देखिने समस्या समाधान गर्न सहज हुने बताए । उनले अधिवेशनबाट चुस्त र प्रभावकारी समिति निर्माण गरी महासंघलाई पालिकास्तरसम्म विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए । फागुन २१ को निर्वाचनलाई केन्द्रमा राखेर उठेका यी आवाजहरूले लोकतन्त्र, संविधान र राष्ट्रियताको बहसलाई अझै तीव्र बनाइरहेका छन् ।

**उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।**

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं ।
- गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोगविधि सार्वजनिक गरौं ।
- झुठा दाबी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं ।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं ।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं ।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं ।
- सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं ।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं ।
- उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## Shivasatakshi Municipality

## Office Of The Municipal Executive

**Koshi Province, Jhapa**

**Koshi Province, Nepal**

### Invites Electronic Bids

**Date Of 1st Publication : 2082/09/16(31-Dec-2025)**

Shivasatakshi Municipality Invites Electronic Bids From Eligible Bidders For The Following Procurement Work Under National Competitive Bidding Procedures Specified In Public Procurement Act 2063 And Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Estimated Amount Without Vat & PS | Bid Validity Period | Minimum Bid Security Amount | Bid Security Validity Period | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 13/SM/ NCB/ Road/2082/083 | Blacktop at Majhi Gaun to High school Chowk & kamal pul Paschim Moti School, Shivasatakshi 01 & 02 | Nrs 3000 | Nrs 77,97,877.94 | 90 Days After Bid opening | Nrs 1,98,500 | 30 Days beyond the Validity of Bid | 01-Feb-2026 12: 00 Hours | 01-Feb-2026 14: 00 Hours |

**Information To Deposit The Cost Of Bidding Document In Bank**

**Name Of The Bank** : Nepal Investment Mega Bank Nepal Ltd , Byangdada Branch Jhapa

**Name Of Office** : Shivasatakshi Municipality

**Office Account No.** : 29601400000017

If Bidder Wishes To Submit The Cash Security ,The Cash Should Be Deposited In The Name Of Shivasatakshi Municipality Office, Dharauti Account No. 29601400000048 On Behalf Of Of Shivasatakshi Municipality At Nepal Investment Mega Bank Nepal Ltd , Byangdada Branch And Submit The Recipt Of Deposited Amount Of Cash Along With Sealed Bid.

A Complete Set Of Bidding Documents May Be Download From Ppmo Website Www.Bolpatra.gov.np/Egp. Bidder May Obtain Further Information From The Office Of Shivasatakshi Miunicipality ,Tel 023-470323 Or Visit Website Www.shivasatakshimun.gov.np.

If The Last Date Of Purchasing And /Or Submission Falls On A Government Holiday, Then The Next Working Day Shall Be Considered As The Last Date. In Such Case The Validity Period Of The Bid Security Shall Remain The Same As Specified For The Original Last Date Of Bid Submission..

The Employer Reserves The Right To Accept Or Reject, Wholly Or Partly Any Or All The Bids Without Assigning Reason, Whatsoever

**Chief Administrative Officer**

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ